

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर
The Worker Daily दैनिक

❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



★ वर्ष : २७ ★ अङ्क : ३४२ ★ ने. सं. ११४६ पोहेला थ्व, एकादशी ★ मङ्गलबार ★ १५ पुस, २०८२ ★ December 30, 2025, Tuesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## "सङ्घीयताको प्रभावकारी कार्यान्वयन नहुँदा प्रदेशको औचित्यमाथि प्रश्न उठेको हो" : प्रमुख प्रजापति

भक्तपुर, १४ पुस । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजनामा ४० औँ आधारभूत प्रशासनिक तालिमअन्तर्गत 'सङ्घीयताको कार्यान्वयन र व्यवहारिक पक्ष' बारे नवनियुक्त शाखा अधिकृतहरूबिच अन्तरक्रिया कार्यक्रम सोमबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सङ्घीयताको प्रभावकारी कार्यान्वयन नभएकोले प्रदेशहरूको औचित्यमाथि प्रश्न उठेको र नेपालको लागि सङ्घीयता राज्य सञ्चालनको नयाँ प्रणाली वा अभ्यास मात्रै भएको बताउनुभयो ।




संविधान र कानुनमा सङ्घीयता आए पनि शासन सत्तामा बस्ने नेता, प्रधानमन्त्री, मन्त्री र माथिल्लो तहका सङ्घीय कर्मचारीहरूमा भने अझै एकात्मक शासन व्यवस्थाकै सोच र चिन्तन कायम रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "कतिपय राजनैतिक दलका नेताहरूले नेपालमा सङ्घीयता स्थापित भएमा '१० वर्षभित्र नेपाललाई स्वीट्जरल्यान्ड वा सिङ्गापुर बनाउने' सपना बाँडे पनि बौद्धिक जगत र जनताबिच व्यापक छलफल एवम् अन्तरक्रियाबिना सङ्घीयता पारित भएकोले कार्यान्वयनमा सकस भइरहेको छ ।"

सङ्घीयता राज्यको मोडल मात्र हो, यसको राम्रो व्यवस्थापन गर्न नसकेमा विभाजनको खतरा निम्तिने उदाहरणहरू प्रस्तुत गर्दै नगर प्रमुख प्रजापतिले सोमालिया, रूवान्डालगायतका देशहरूमा जातीय द्वन्द्व सङ्घीय व्यवस्था असफल भएकै कारण भइरहेको बताउनुभयो ।

सङ्घीयताको ८ वर्षको अभ्यासले कतिपय प्रदेशहरूले आफ्नो औचित्यसमेत पुष्टि गर्न नसकेको स्पष्ट पार्दै प्रमुख प्रजापतिले प्रदेशले आफ्नो अधिकार क्षेत्रको काममा ध्यान नदिई बारम्बार सरकार परिवर्तनको फोहरी राजनैतिक खेलमा मात्रै दलहरू केन्द्रित हुनाले देशले आजको दुर्दशा भोग्नुपरेको बताउनुभयो ।

स्थानीय तहले बनाउने अधिकांश कानुनमा 'प्रदेश कानुनबमोजिम' भन्ने उल्लेख छ तर प्रदेशले कानुन निर्माण नगर्दा धेरै स्थानीय तहले काममा असहजता महसुस गरिरहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयले मात्रै सङ्घीयताको प्रभावकारी कार्यान्वयन सम्भव छ, प्रमुख प्रजापतिले भन्नुभयो ।

सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आएपछि विगतका जिल्लास्तरीय सबै संरचनाहरू खारेज भई पालिकास्तरमा आउनुपर्ने बताउँदै उहाँले राज्यका हरेक योजना ठेक्कापट्टामा गराउने नीतिले देशमा व्यापक आर्थिक अनियमितताहरू भइरहेको उल्लेख गर्नुभयो ।

नेपालको संविधानभित्र रहेर भक्तपुर नगरपालिकाले गरेका व्यवहारिक अभ्यासबारे अवगत गराउँदै उहाँले भन्नुभयो, "भक्तपुर नपाले दुई वटा इन्जिनियरिङ कलेजसहित सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गरी वर्षको ४ करोडभन्दा बढी छात्रवृत्ति प्रदान गरि रहेको छ । इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, दर्शनशास्त्रलगायतका विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई नगर पालिकाले विशेष छात्रवृत्ति व्यवस्था गरि रहेको छ । नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयहरूको गुणस्तरमा प्रतिस्पर्धाको नीति आदि अवलम्बन गर्दै आएको छ ।"

कार्यक्रममा नवनियुक्त अधिकृतहरूले प्रस्तुत गरेका जिज्ञासामाथि प्रस्ट पार्दै प्रमुख प्रजापतिले भक्तपुर नपाले समाजवादउन्मुख कार्यलाई जोड दिँदै आत्मनिर्भरताको अभ्यास गरिरहेको पनि बताउनुभयो ।

उहाँले विदेशी सहयोगबिना भक्तपुर नपाले यहाँका सम्पदाहरूको पुनःनिर्माण तथा जीर्णोद्धार जनसहभागिता र उपभोक्ता मोडलमा सम्पन्न गरेको स्पष्ट पार्नुभयो ।

शिक्षकहरूलाई स्थानीय तहले


***बाँकी पृष्ठ ८ मा***


## सन् २०२५ मा स्पेन पुग्ने प्रयासमा तीन हजारभन्दा बढी आप्रवासीको मृत्यु

मेड्रिड, १४ पुस (एएफपी) । सन् २०२५ मा स्पेन पुग्ने प्रयास गर्दा तीन हजारभन्दा बढी आप्रवासीहरूको मृत्यु भएको स्पेनी आप्रवासन अधिकार समूहले सोमबार जारी गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । आप्रवासनको लागि प्रवेश गर्ने सीमाहरू घटेको कारण सन् २०२४ को सङ्ख्यामा तीव्र गिरावट आएको समूहले जनाएको छ ।

क्यामिनान्डो फ्रन्टेरास (पैदल सीमा) मा डिसेम्बर- १५ सम्ममा राखेको रेकर्डअनुसार तीन हजार ९० जनाको मृत्यु भएको छ भने अधिकांश मृत्यु अफ्रिकाबाट स्पेनको क्यानरी टापुहरूमा एट्लान्टिक माइग्रेसन मार्गमा भएको थियो, जसलाई विश्वको सबैभन्दा खतरनाक मार्ग मानिन्छ ।

क्यानरीहरूमा आप्रवासी आगमनमा 'उल्लेखनीय' कमी आएको भए पनि गिनीबाट प्रस्थानसँगै द्वीपसमूहमा 'नयाँ, अधिक टाढाको र अधिक खतरनाक' मार्ग देखा परेको जनाएको छ ।

समूहले आप्रवासीहरूका परिवारहरूबाट तथ्याङ्क र उद्धार गरिएका व्यक्तिहरूको आधिकारिक तथ्याङ्क सङ्कलन गर्दछ । मृतकमध्ये ४३७ बालबालिका र १९२ महिला रहेको समूहले जनाइएको छ ।

क्यामिनान्डो फ्रन्टेरास सिमाले अल्जेरियाबाट मुख्यतया भूमध्यसागरको इबिजा र फोरमेन्टेराको छुट्टी टापुहरूमा पुऱ्याउने डुङ्गाहरूको सङ्ख्यामा वृद्धि भएको पनि जनाएको छ ।

परम्परागत रूपमा अल्जेरियालीहरूले प्रयोग गर्ने यस मार्गमा सन् २०२५ मा सोमालिया, सुडान र दक्षिण सुडानबाट आप्रवासीहरूको सङ्ख्या बढेको देखिएको समूहले जनाएको छ ।

सन् २०२४ मा समुद्रमार्फत स्पेन पुग्ने प्रयासमा कम्तीमा दस हजार ४५७ आप्रवासीको मृत्यु वा बेपत्ता भएको जनाइएको छ । जुन सन् २००७ मा ट्र्याकिङ डाटा सुरु भएदेखि रेकर्ड गरिएको सबैभन्दा बढी सङ्ख्या हो ।

स्पेनको आन्तरिक मन्त्रालयले यस वर्षको डिसेम्बर-१५ सम्म ३५ हजार ९३५ आप्रवासी स्पेन पुगेको बताएको छ, जुन गत वर्षको समान अवधिको तुलनामा ४० प्रतिशतले कम हो ।

ती मध्ये अधिकांश पश्चिम अफ्रिकाको तटबाट क्यानरी टापुहरूमा एट्लान्टिक आप्रवासन मार्गबाट आएको जनाइएको छ ।

## काठमाडौँ महानगरमा कार्यकर्ता भेला

काठमाडौँ, १४ पुस । नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर समिति वडा नं. ५ को आयोजनामा १४७ औँ स्तालिन र १३२ औँ माओ त्सेतुङ दिवसको अवसरमा कार्यकर्ता भेला विशालनगरमा सोमबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले स्तालिन र माओको योगदान र समाजवादी क्रान्तिको चर्चा गर्दै नेपालमा पनि बहुसङ्ख्यक कामदार जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित पार्न सबै कार्यकर्ताहरू लाग्नुपर्ने बताउनुभयो ।

रुसमा लेनिन र स्तालिन चीनमा माओको कुशल नेतृत्वले परिवर्तन गरेको हो भन्दै उहाँले नेमकिपाका कार्यकर्ताले हरेक विषयमा दक्षता हासिल गर्नुपर्ने बताउनुभयो । उहाँले हरेक दिन समयको व्यवस्थापन गरेमा र जनताबिच पुगी काम गरेमा राजनीति सफल हुने बताउनुभयो ।

केन्द्रीय सदस्य राजवीर डंगोले राजनैतिक कार्यकर्ताहरूले अध्ययनमा


***बाँकी पृष्ठ ८ मा***


## दैलेखमा स्तालिन र माओ जयन्ती

दैलेख, १४ पुस । नेपाल मजदुर किसान पार्टी महाबु गाउँपालिका समितिको आयोजनामा शुक्रबार काप्रि खोलामा स्तालिन र माओको जन्मजयन्ती मनाइयो ।

कार्यक्रममा नेमकिपा दैलेख जिल्ला समितिका सल्लाहकार बमबहादुर सिंहले सोभियत रूसमा जन्मिएका स्तालिन र चीनमा जन्मिएका माओ त्सेतुङको विश्वको समाजवादी आन्दोलनमा महत्त्वपूर्ण योगदान भएको हुँदा उहाँहरू विश्व सर्वहारावर्गका महान् नेता भएको बताउनुभयो ।

दुर्गबहादुर थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा मनबहादुर खत्री, भगिराम थापामगर, झुमा थापामगर र हेमन्त सिंहले माओ र स्तालिनको योगदान र जीवन सङ्घर्षबारे बोल्नुभएको थियो ।

व्यङ्ग्यचित्र कुनो






राष्ट्रिय झण्डाको सम्मान गरौं।

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः

❖राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
❖राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
❖व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
❖शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
❖शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न।
❖फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**समानुपातिक उम्मेदवारको बन्द सूची बुझाइँदै**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि सोमबार निर्वाचन आयोगमा विभिन्न राजनीतिक दलहरू समानुपातिकतर्फको बन्द सूची बुझाउँदै । आयोगले आजसम्म दलहरूलाई समानुपातिक उम्मेदवारहरूको नाम दर्ता गर्न समय सीमा तोकेको छ । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# खाना र नानाकै भरमा घरेलु बालश्रमिकको कहर

**- रमेश गिरी**

भक्तपुर, १४ पुस । मध्य पुसको चिसो बिहानमा १४ वर्षीया शर्मिला मुसरी सूर्यविनायक नगरपालिका बालकोटस्थित एक घरमा ग्रेनाइटमा पोछा लगाउँदै छिन् । हरेक घरका अन्य सदस्य उठ्नुअघि नै तीनतले घरको भऱ्याङदेखि भान्छाकोठा पुछेर सफा बनाउनु उनको दैनिकी हो ।

उनी उक्त घरमा घरेलु बालश्रमिकका रूपमा काम गर्न थालेको दुई वर्ष भयो । बिहान सबै भुइँ सफा गरेपछि पूजाका लागि भाँडा माझ्नु, चियानास्ता बनाउनु, ओछ्यान मिलाउनु, खाना बनाउनुपर्छ उनलाई । बिहानको घरधन्दा सकेपछि उनी नजिकैको सरकारी विद्यालयमा कक्षा ५ मा पढ्न पुग्छिन् ।

विद्यालयबाट फर्किएपछि घरको काम सकाउँदा राति १० बज्छ । यति गरेपछि उनले पाउने भनेको दुई छाक खाना र एकसरो लुगा हो । उनका अनुसार उनको हातमा अहिलेसम्म पारिश्रमिकका नाममा पैसा परेको छैन ।

मध्यपुरथिमि नगपालिका-३ गट्ठाघर बस्ने सर्लाही घर भएकी १७ वर्षीया सानु चौधरीको नियति पनि त्यस्तै छ । गट्ठाघरको एक सरकारी विद्यालयमा कक्षा ८ मा पढ्दै गरेकी चौधरी पनि विगत ६ वर्षदेखि एक सरकारी उपसचिव र सरकारी कार्यालयमा कार्यरत अधिकृत दम्पती रहेको घरमा काम गर्दै आउनुभएको छ ।

सोधेको कुराको जवाफ दिन डराउने उहाँले आएदेखि आफ्नो घरपरिवार, आमाबुबासँग भेट्न नपाएको गुनासो गर्नुहुन्छ । सधैँको घरधन्दा, स्कूलबाहेक अन्यत्र जान बन्देज, जिन्दगी उमेर बढ्दै जाँदा जिन्दगी कठिनको सामना मात्रै गर्नु परेन, भविष्य खै कता पुग्ने हो, अन्योलताले छाएको बताउनुहुन्छ उहाँ ।



सूर्यविनायक नगरपालिका-३ बालकोटस्थित एक व्यापारीको घरमा विगत चार वर्षदेखि बस्दै आएकी सर्लाहीकी सानी मुसहरको दैनिकी पनि उस्तै छ । उनी त स्कूल पनि जान पाउँदिनन् । बिहान बेलुका घरको काम र दिउँसो पसलको काममा खटिनुपर्छ । घरेलु कामदारका रूपमा काम गर्न बाबुआमाले जिम्मा लगाएको एक अपरिचित दिदीसँग काठमाडौँ आएकी मुसहरले चार वर्षको अन्तरालमा बालकोटको घर र पसलबाहेक अन्यत्र दुनियाँ देखेकै छैन ।

उनीहरू घरेलु बालश्रमिकका रूपमा विभिन्न जिल्लाबाट काठमाडौँ उपत्यका छिरेको केही नमुना पात्र मात्रै हुन् । गरिबी, धेरै सन्तानको जन्म, खान लाउन समस्या, सौतेनी आमाको कहर, आमाबाबाविहीन यस्ता धेरै कलिला बालबालिका घरेलु बालश्रमिकका रूपमा काठमाडौँ उपत्यकामै कार्यरत धेरैमध्ये यौन दुर्व्यवहारमा समेत पर्ने गरेका छन् ।

तराईका जिल्लाबाट घरेलु बालश्रमिकका रूपमा बालबालिका ल्याएर उपत्यकाका विभिन्न घरमा पुऱ्याउने गिरोहले पछिल्ला समयमा बालबालिकाको जन्म मिति नै बढाएर राख्ने गरेका छन् ।

आठ वर्षअगाडि सूर्यविनायक नगरपालिकाले बालश्रमिक नहुनेको घरमा हरियो झण्डा राख्ने अभियान सुरु गरेको थियो । वडाहरूमा गठन गरेको बाल क्लबसमेतको प्रतिनिधिले घरघरमा गरेको अनुगमन, तथ्याङ्क सङ्कलनका क्रममा विभिन्न व्यक्तिका घरमा बालश्रमिक भेटिएका थिए । जिल्ला प्रशासन कार्यालयको बेवास्ता, उद्धार गरिएका बालश्रमिकलाई राख्ने सुरक्षित आवास नहुँदा उक्त अभियान रोकिएको बाल क्लबका पदाधिकारीहरू नै बताउँछन् ।

सूर्यविनायक नगरपालिकाले भने बालश्रम मुक्त नगरपालिका बनाउने उद्देश्यसहित अभियानको थालनी गरेको नगरपालिकाका प्रवक्ता एवं वडा नं ८ का वडाध्यक्ष रवीन्द्र सापकोटाको भनाइ छ । उहाँले बालबालिकाको हितका लागि नगरपालिकाले बजेट नै विनियोजन गरेको बालबालिकाको पक्षमा काम गर्दै आएको बालश्रम मुक्त नगरपालिका निर्माणका लागि अभियान सञ्चालन गरेको उहाँ बताउनुहुन्छ ।

विगत ३१ वर्षदेखि बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) ले यसै वर्ष गरेको घरेलु बालश्रमिकमा अध्ययनमा काठमाडौँमा रहेका अधिकांश घरेलु बाल श्रमिक न्यूनतम अधिकारबाट समेत वञ्चित रहेको तथ्याङ्क हालै सार्वजनिक गरेको छ ।

तथ्याङ्कका आधारमा घरेलु श्रममा संलग्न बालबालिकालाई देखाउन भए पनि विद्यालय भर्ना गरिएको तर पढ्ने समय नदिने गरेको, बालिका यौनजन्य हिंसाको जोखिममा रहेको, लामो समयदेखि परिवारसँग भेट्न र कुरा गर्न नपाएको, जोखिमयुक्त कम गर्नुपर्ने, बिरामी हुँदा उपचार नपाउने र काम गरेबापत कुनै पैसा नपाएको गुनासो बालश्रमिकबाटै आएको सिविसका परियोजना संयोजक उमङ्ग मैनाली बताउनुहुन्छ ।

सन् २०२१ को नेपाल बाल श्रम प्रतिवेदनअनुसार करिब ११ लाख बालबालिका श्रममा छन् । त्यसमध्ये करिब दुई लाख बालबालिका घरेलु श्रममा आबद्ध रहेको पाइएको सिविसकी अध्यक्ष विमला ज्ञवाली बताउनुहुन्छ ।

बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, बालश्रम निषेध र नियमित गर्ने नियमावली २०६२, बालश्रममुक्त स्थानीय तह कार्यविधि, २०७७ कार्यान्वयनमा चरणमा रहेको, बालबालिकासम्बन्धी ऐन, २०७५ का साथै नेपालको संविधानले पनि बालश्रमलाई दण्डनीय भनिए पनि यसलाई निषेध भने गर्न सकिएको छैन ।

राष्ट्रिय बाल अधिकार परिषद्ले केही दिनअगाडि सार्वजनिक गरेको आव २०८१/८२ तथ्याङ्कअनुसार ४७७ वटा बाल यौन दुर्व्यवहार, यौनजन्य हिंसाका उजुरी परेको, बाल यौन दुरूपयोगका ३५५ वटा, बालविवाहका ६१ वटा, अप्राकृतिक मैथुनका २१ र बालबालिकाविरूद्धको कसूरमा ४० वटा उजुरी परेको जनाएको छ । ***रासस***

# इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति यूएईबाट पक्राउ

काठमाडौँ, १४ पुस । ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ र सङ्गठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी संयुक्त अरब इमिरेट्स ( युएई) बाट पक्राउ परेका छन् ।

एनसिबी अबुधाबी युएईको समन्वयमा युएईबाट पक्राउ परेका बागलुङ नगरपालिका-२ श्रीनगर घर भएका जावेद अनवरद्दीनलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने प्रयोजनार्थ आज नेपाल फिर्ता ल्याइएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तरराष्ट्रियस्तरमा खोजतलास एवं पक्राउ गर्न प्रहरी प्रधान कार्यालय, इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०७७ भदौ ८ गते रेड नोटिस जारी भएको थियो ।

उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीका लागि केन्द्रीय अनुसन्धान ब्यूरो बुझाइएको प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ । ***रासस***

# जुवाताससहित मानिसहरू नियन्त्रणमा

भक्तपुर, १४ पुस । मध्यपुर ठिमी नगरपालिका वडा नं. ६ चपाचोस्थित जुवा तास खेलिरहेको छ भन्ने सूचनाको आधारमा प्रहरी वृत्त ठिमी भक्तपुरको प्रहरी टोलीले छापा मार्दा ४ जनालाई नियन्त्रणमा लिएको छ । जुवा तास खेलिरहेको अवस्थामा प्रहरी टोलीले १ बुक तास र रु. ५५,०००।- (पचपन्न हजार रूपैयाँ) समेत नियन्त्रणमा लिएको हो । उनीहरूको थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी परिसरले जनाएको छ ।

# सुडालमा स्तालिन र माओ त्सेतुङको जन्म दिवस मनाइयो




भक्तपुर, १४ पुस । नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगरपालिका वडा नं. ८ सुडालको आयोजनामा विश्व सर्वहारावर्गका महान गुरुहरू स्तालिनको १४७ औँ र माओ त्सेतुङको जन्म दिवस कार्यक्रम स्थानीय राय टोलमा सोमबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले सन् १९१७ को अक्टोबर समाजवादी क्रान्ति सफल पार्नको लागि लेनिन र स्तालिनले खेलेको भूमिका तथा सन् १९४९ को चिनियाँ समाजवादी क्रान्ति सफल पार्नको लागि माओ त्सेतुङले खेलेको भूमिकामाथि प्रकाश पार्दै नेपालमा पनि समाजवादी क्रान्ति सफल पार्न कामदारवर्गका जनता सचेत, सङ्गठित र सङ्घर्षशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले नेमकिपाका कार्यकर्ताहरू त्यागी, निडर, समाजसेवी भई जनताको सेवामा समर्पित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले चानपामा व्यापक बेथिति, विकृति-विसङ्गति, अनियमितता, पक्षपात र भ्रष्टाचार भएका समाचारहरू बरोबर बाहिरिएकोले सो विषयमा पनि कार्यकर्ताहरूले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा चानपा उपाध्यक्ष कुशबहादुर कार्कीको सभापतित्वमा भएको उक्त कार्यक्रममा सन्तराम दुलालले पनि बोल्नुभएको थियो ।

# कमलविनायकमा पसल अनुगमन




भक्तपुर, १४ पुस । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा गएको टोलीले कमलविनायकमा फलफूल, खाद्य र अन्य गरी २० वटा पसलमा अनुगमन भयो ।

अनुगमनमा अजय विजय स्टोरमा म्याद नाघेको चिटोस कुरकुरे ७ पाकेट जफत गरी पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिइयो ।

एस.पी.जुस सेन्टर पसल तीन दिनभित्र नवीकरण गर्न र पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिइयो ।

सन्तोष फुड सेन्टरमा २०७४/०७५ पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न, कुहेको फलफूल पसलमा नराख्न र पेटी र पेटीमुनि सामान नराख्न र हटाउन निर्देशन दिइयो ।

रोजक एन्ड रोजन फेन्सी स्टोर २०७७/०७८ पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न र पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो ।

माया फलफूल पसलमा म्याद नाघेको प्राण जुस ३ वटा जफत गरी नष्ट गरियो भने पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो ।

तिमिलिसना फेन्सी स्टोर २०७४/०७५ पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न र पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो ।

जे.बी. स्टोरको दर्ता प्रमाणपत्र पसलमा नभएकोले कागजातसहित तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन, म्याद नाघेका सामानहरू फान्टा लेमन तीन वटा जफत गरी नष्ट गरियो भने पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो ।

सुनापाति मोबाइल रिपेयर सेन्टर दर्ता नभएकोले त्यहीँ दर्ता गराइयो ।

ए.एल.एस. किराना पसलमा म्याद नाघेका सामानहरू फान्टा सानो १७ वटा, ठूलो तीन वटा, प्रिङ्गल चिप्स चार बट्टा, घ्यू दुई बट्टा, स्प्राइट एकवटा फान्टा लेमन दुईटा जफत गरी नष्ट गरियो ।

लक्ष्मीसुन्दर न्हुछेको तरकारी पसल दर्ता कागजात नभएकोले तीन दिनभित्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

प्रदिप विनायक जेन्स पार्लर पसल दर्ता कागजात नभएकोले तीन दिनभित्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

अनुगमन समितिका सदस्यहरूमा वडा सदस्य ज्ञानबहादुर मानन्धर, रीता फसिकवा, भनपा स्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका प्रभाषकुमार चालिसे, जिल्ला प्रशासन कार्यालयका नवराज पोखरेल, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक कमलकुमार श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापाको सहभागिता थियो ।

## सङ्क्षिप्त समाचार

# नख्खुबाट भागेका एक कैदी पक्राउ

किमाथाङ्का (सङ्खुवासभा), १४ पुस । जेनजी प्रदर्शनका क्रममा केन्द्रीय कारागार नख्खु कारागारबाट भागेका एक कैदी पक्राउ परेका छन् । केन्द्रीय कारागार नख्खु कारागारबाट भागेका चिचिला गाउँपालिका-५ का २९ वर्षीय अमित भनिने टीकाराम विश्वकर्मालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका सूचना अधिकारी प्रहरी निरीक्षक धनबहादुर राजवंशीले जानकारी दिनुभयो ।

फरार रहेका विश्वकर्माको खोजीका लागि जिल्ला प्रहरी सङ्खुवासभाबाट खटिएको टोलीले विशेष सूचनाका आधारमा मोरङको बेलबारी नगरपालिका-४ स्थित आफन्तको घरमा लुकिछिपी बसिरहेको अवस्थामा शनिबार पक्राउ गरेको हो । चिचिला-५ का अमित जबरजस्तीकरणी मुद्दामा २०७५ पुस २७ गतेदेखि केन्द्रीय कारागार कार्यालय नख्खुमा कैद भुक्तान गरिरहेका थिए ।

गत भदौ २४ गते भएको जेनजी आन्दोलनको क्रममा उनी कारागारबाट फरार भएका थिए । जिल्लामा जेनजी प्रदर्शनका क्रममा भागेको हालसम्म सात कैदीलाई पक्राउ गरिसकेको प्रहरीले जनाएको छ । पक्राउ परेका विश्वकर्मालाई फैसला कार्यान्वयनका लागि आइतबार कारागार कार्यालय सङ्खुवासभामा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *रासस*

# नक्कली सुन दिएर पाँच लाख ठगी गर्ने गिरोह पक्राउ

काठमाडौँ, १४ पुस । नेपाल प्रहरीले नक्कली सुन दिएर रु. पाँच लाख ठगी गर्ने गिरोहलाई पक्राउ गरेको छ ।

प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका-५ थलीमा सुनजस्तो देखिने धातुको डल्लो दिएर रकम ठगी गर्ने गिरोहलाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका ४५ वर्षीय सुकुमान सिंह ब्लोन, मकवानपुरकै ४८ वर्षीय राजेन्द्र तामाङ, मकवानपुर बकैया गाउँपालिकाका ५३ वर्षीय वीरबहादुर तामाङ भन्ने विवासित स्याङ्ताङ र नवलपरासीको देवचुलीका ४२ वर्षीय जितबहादुर तामाङ रहेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले नक्कली सुनलाई सक्कली सुन भनी ठगी गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो । प्रहरीले पक्राउ परेका चारै जनालाई ठगी कसुरमा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको छ । *रासस*

# तरकारीले मूल्य पाएपछि किसान खुसी

चितवन १४ पुस । जिल्लामा लगाइएको तरकारीले बजार मूल्य पाएपछि यहाँका किसान खुसी भएका छन् । गत वर्षको तुलनामा यसवर्ष तरकारीले मूल्य पाएको पूर्वी चितवनको राप्ती नगरपालिका-१ का प्रेमबहादुर खुलालले बताउनुभयो । उहाँले लगाएको गोलभेँडा, घीउ सिमी, काँक्रोलगायतले अहिले बजार मूल्य राम्रो पाएको छ । उहाँले भन्नुभयो, "खेतबाटै बिक्री गर्दा घीउ सिमी र गोलभेँडाको मूल्य राम्रो पाएको छ ।" खेतबाटै बिक्री गर्दा घीउ सिमी रु. १२० देखि १३० र गोलभेँडाप्रति क्रेटको रु. एक हजार ६०० सयदेखि दुई हजार ६०० सम्ममा बिक्री भएको उहाँले बताउनुभयो ।

उहाँले अहिले तीन बिघा क्षेत्रफलमा तरकारीखेती गर्दै आउनुभएको छ । विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा तरकारीखेती गर्दै आउनुभएका उहाँ विगतका वर्षको तुलनामा यो वर्ष तरकारीले राम्रो मूल्य पाएको बताउनुहुन्छ । तरकारी खेतीमा ग्रेडिङ गरेर बिक्री गर्न सके मूल्य राम्रो पाउने उहाँले बताउनुभयो ।

भरतपुर महानगरपालिका-२१ का शिवराज बराल पनि आफूले लगाएको तरकारीले मूल्य पाएपछि निकै खुसी हुनुहुन्छ । विगत सात वर्षदेखि व्यावसायीकरूपमा तरकारीखेती गर्दै आउनुभएका उहाँले एक बिघा १० कट्ठा क्षेत्रफलमा तरकारी खेती गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो, "विगतका वर्षको तुलनामा अहिले तरकारीले मूल्य राम्रो पाएको छ ।" अहिले लौका, काँक्रो, गोलभेँडालगायतले राम्रो मूल्य पाएको जानकारी दिनुभयो ।

घिरौला, करेलासमेत बिक्रीका लागि बजार खोज्न जानुपर्ने अवस्था नरहेको उहाँले बताउनुभयो । केरुङ्गा कृषि सहकारी संस्थाका अध्यक्ष जनकराज पुरीले गएको तीन महिनायता किसानले तरकारीको मूल्य राम्रो पाएको बताउनुभयो । उहाँले भन्नुभयो, "तीन महिनाअघि राम्रो थिएन । अहिले राम्रो छ ।" बजारको अवस्था हेर्दा फेरि मूल्य ओरालो लाग्ने सङ्केत देखिएको उहाँले बताउनुभयो ।

वर्षमा तीन खेती तरकारी लगाउँदा कुनै न कुनै खेतीमा मूल्य नपाउँदा मर्कापर्ने गरेको उहाँले बताउनुभयो । कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले स्थानीय उत्पादनले बजार पाइएन भन्ने गुनासो हुने गरेको भए पनि गुणस्तरीय उत्पादन गर्न सकेमा मूल्य र बजार पाउन कठिन नहुने बताउनुभयो ।

जिल्लामा हाल सात हजार ७७ दशमलव ९ हेक्टर क्षेत्रफलमा व्यावसायिक तरकारीखेती गरिँदै आएको छ । असोजमा परेको पानीका कारण अहिले तरकारी उत्पादन कम भएकाले पनि बजार मूल्य पाएको उहाँले बताउनुभयो । यहाँको तरकारी विदेशी बजारमासमेत माग हुन थालेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यहाँको उत्पादन दुबईमासमेत जान थालेको छ ।" कार्यालयले व्यावसायिक तरकारी खेतीमा मागका आधारमा लगानी गर्दै आएको बताउनुभयो । *रासस*



**शान्ति दीप**
बुद्ध जन्मस्थल लुम्बिनीस्थित शान्ति दीप, केन्द्रीय नहर र आसपासको क्षेत्र । *तस्बिर : रवीन्द्रप्रताप गुप्ता/रासस*

# परम्परागत मौलिक कुँडुले घरले फूलबारीको पर्यटन प्रवर्द्धनमा थप्यो आकर्षण

**– छायाँ पन्थ**

तिलोत्तमा (रूपन्देही), १४ पुस । नेपालको पहाडी क्षेत्रमा देखिने परम्परागत कुँडुले घर अब बुटवलको फूलबारीमा देख्न सकिन्छ । आकर्षक देखिने कुँडुले घर गोलाकार, माटोले लेपिएको र खरले छाएर बनाइन्छ ।

दुईतले यो घर परम्परागत शैली र सानो लगानीमा तयार गरिएको छ । यो घर अहिले बुटवलको रमणीय पर्यटकीय स्थल मणिमुकुन्द सेन उद्यान फूलबारीको माथिल्लो भागमा निर्माण गरिएको छ । पहाडी क्षेत्रको परम्परागत संस्कृति झल्काउने गरी उद्यानको पश्चिम क्षेत्रमा कुँडुले घर निर्माण गरिएको छ । यो घरले त्यहाँ पुग्ने सबैको ध्यान केन्द्रित गरेको छ । कुँडुले घर छ नै यस्तै ।

बुटवलको फूलबारी घुम्न आउनुभएकी पोखराकी सृजना सुनारले बुटवलमा बनेको कुँडुले घरले मोहित बनाएको बताउनुभयो । सुनारले कुँडुले घर हेर्दा निकै आकर्षक रहेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "पुर्खाले जीवन बिताएको यस किसिमको घरले सबैलाई मोहनी लाउने रहेछ ।"

यस्तै बुटवलका सुवास सुनार पनि कुँडुले घरमा भेटिनुभयो । केही दिनअघि मात्रै उद्घाटन भएको यो घर निकै सुन्दर रहेको सुवासले बताउनुभयो । "भर्खरै बनेको यो घर वरिपरि भौतिक संरचना बन्न बाँकी नै रहेछ, सबै बनिसकेपछि त झन सुन्दर हुन्छ होला," सुवासको भनाइ छ ।

बाहिरबाट हेर्दा पनि चिटिक्क गोलाकार कुँडुले घर, घरको भित्रपट्टी पहाडी क्षेत्रमा प्रयोग गरिने परम्परागत सामग्री राखिएको छ । विशेषगरी जाडोयाममा न्यानो र गर्मीमा शीतल हुने कुँडुले घरमा बाँसबाट बनेको डोको, परालबाट बनेको चकटी, सुपो, डालो, पानी परेको समयमा खेतबारीमा काम गर्दा ओढ्ने स्याकु, गुन्द्री, मकै भुट्न प्रयोग गरिने माटाको भाँडो हाँडी-भुटुनो, जाँतो, लालटिन, खेतबारी जोत्ने क्रममा गोरुले अन्य बाली नखाओस् भनी गोरुको मुखमा लगाइने मकरा, माछा मार्ने क्रममा प्रयोग गरिने बाँसबाट बनाइएको सामग्री, परम्परागत, चुल्होलगायतका घरायसी प्रयोगका सामग्री राखिएका छन् भने कुँडुले घरको बाहिरपट्टि ढिकी राखिएको छ ।

उद्यानका प्रशासकीय अधिकृत अमितकुमार श्रेष्ठले विशेषगरी पहाडी क्षेत्रमा हुने यस्ता घर पछिल्लो पिँढीले महसुस गर्न नपाएको र पुर्खाहरूले प्रयोग गर्ने सामग्रीका बारेमा जानकारी र ज्ञानका लागि यो निर्माण गरिएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "पाल्पाबाट काम गर्ने कामदार झिकाएरै यो घर निर्माण गरेका हौँ, कुँडुले घर भर्खरै निर्माण भएको छ, यसको प्रचारप्रसार व्यापक बनाउनु छ, आगामी दिनमा परम्परागत खानाका परिकारसमेत पस्कने योजना छ, हेरौँ कतिसम्म सफल भइन्छ ।"

कुँडुले घरमा आगामी दिनमा आटो, फापर, भुटेको मकै, ढिँडो, भटमासजस्ता परम्परागत खाना पनि व्यवस्थित तरिकाले राखिने उद्यानका प्रमुख कार्यकारी अधिकृत अनन्त सिलवालले जानकारी दिनुभयो । फूलबारीमा सौन्दर्यीकरणको कामलाई दीर्घकालीन योजनासहित अघि बढाएको उहाँले बताउनुभयो ।

फूलबारी सेन वंशीय राजाहरूले राज्य गरेको दरबारलाई स्वरूप दिने गरी पुरातत्व विभागसँग समन्वय अघि बढाइएको फूलबारीका अध्यक्ष माधव नेपालले जानकारी दिनुभयो । यसैगरि उत्तर पश्चिममा रिचार्ज पोखरीसँगै स्वीमिङ पूल निर्माण गरी गर्मीको मौसममा पर्यटकका लागि रमणीयस्थल बनाउन थालिएको नेपालको भनाइ छ ।

यस्तै फूलबारीमा पाकापुस्तालाई लक्षित गरि सञ्चोबिसञ्चो केन्द्र निर्माण हुन थालेको अध्यक्ष नेपालले जानकारी दिनुभयो । घरमा समय बिताउन कठिनाइ भएका वृद्धवृद्धालाई लक्षित गरी भुलाउने स्थलका रूपमा भजन किर्तन र एकापसमा संवाद गराउने थलो बनाउन लागिएको छ । नेपालले सबै उमेर र समूहको लागि रमणीय थलो बनाउने योजना रहेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "हालको लागि कुँडुले घर मात्र निर्माण भएको छ, यसलाई थप आकर्षक बनाउन बाँकी नै छ ।"

उद्यानका अध्यक्ष नेपालले कुँडुले घरलाई थप आकर्षण प्रदान गर्न रुखमा लज, रेष्टुरेण्ट, पार्क हस्पिटालिटी (पार्कभित्रको आतिथ्यताका बारेमा जानकारीको अवधारणा), रिचार्ड पोखरीजस्ता भौतिक कार्य गरिने जानकारी दिनुभयो । कुँडुले घरको छेउमै सेल्फी जोन निर्माणको चरणमा रहेको छ । पछिल्लो समयमा मानिसहरूको इच्छा र चाहनालाई मध्यनजर गर्दै सेल्फी जोनको निर्माण गर्न लागिएको हो ।

यी सबै कार्य अबको एक वर्षभित्र निर्माण सम्पन्न हुने जनाइएको छ । गत वर्ष फागुन १७ गते बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले विधिवत पूजा गरी कुँडुले घरको शिलान्यास गर्दै जितगढी, फूलबारी र नुवाकोटलाई एकीकृत विकासको योजना बनाएर अघि बढाएको बताउनुभएको थियो ।

उपमहानगरपालिकाबाट रु. १४ लाख बजेट विनियोजन भई उद्यानबाट थप गरि रु. १९ लाख लागतमा पहिले एउटा घर निर्माण गरिएको छ । कुँडुले घर गत मङ्सिर २८ गते निर्माण सम्पन्न भई नगरप्रमुख पाण्डेको प्रमुख आतिथ्यतामा उद्घाटन गरिएको थियो । नगरप्रमुख पाण्डेले यो कुँडुले घर फूलबारीमा पर्यटकलाई आकर्षण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

फूलबारीमा बिदाको दिनबाहेक दुई हजार ५०० देखि तीन हजारसम्म मानिसहरू घुम्नका लागि पुग्ने गर्छन् भने बिदाको दिनमा यो सङ्ख्या बढेर पाँच हजार ५०० सम्म पुग्ने कार्यालयले जनाएको छ । फूलबारी प्रवेशका लागि नेपालीका लागि रु. ६०, विद्यार्थीका लागि रु. ४० र भारतीय नागरिकका लागि रु. १०० तोकिएको छ । यो याममा दैनिक सरदर ५०० देखि ६०० को सङ्ख्यामा भारतीय नागरिक घुम्न र अवलोकनका लागि आउने गरेको कार्यालयले जनाएको छ । *रासस*

# 'विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली' लागु गरिँदै

काठमाडौँ, १४ पुस । अध्यागमन विभागले नेपाल भ्रमण गर्ने विदेशी नागरिकहरूको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यले यही पुस १७ गतेदेखि विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली लागू गर्ने भएको छ ।

उक्त सूचना प्रणालीलाई सुरुमा काठमाडौँ उपत्यकाभित्र लागू गरिने जनाइएको छ । अध्यागमनले सोमबार कार्यक्रम आयोजना गर्दै उक्त प्रणालीलाई व्यवस्थित रूपमा कसरी लागू गर्न सकिन्छ भनेर सम्बन्धित सङ्घसंस्था र निकायहरूबिच सुझाव लिएको थियो ।

अध्यागमनका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालले विशेष कार्यक्रम आयोजना गरी प्रणाली उद्घाटन गरिने बताउनुभयो । उहाँले यसका लागि आवश्यक सङ्घसंस्थाहरूसँग सुझाव लिएको बताउनुभयो ।

यस प्रणालीलाई पहिलो चरणमा काठमाडौँ उपत्यकाभित्रका तारे होटलमा अनिवार्य रूपमा लागू गरिनेछ । दोस्रो चरणमा आगामी फागुन १७ देखि देशभित्रका सबै तारे होटल, विमान कम्पनी, टुर्स एन्ड ट्राभल्स कम्पनी, मनी एक्सचेन्जहरूमा र क्रमश: सबै प्रकारका होटल, गेस्ट हाउस र अन्य सार्वजनिक तथा निजी संस्थाबाट प्रवाह हुने सेवामा लागू गरिने कार्ययोजना छ ।

यस सूचना प्रणाली कार्यान्वयनको प्रभावकारिताका लागि विदेशी नागरिकहरूलाई सेवा प्रदान गर्ने सबै निकायहरू प्रणालीमा दर्ता हुनुपर्छ । यो प्रणाली कार्यान्वयनका लागि छोटो अवधि मात्र बाँकी रहेको र हालसम्म प्रणालीमा आबद्ध भएका निकायहरूको सङ्ख्या न्यून रहेकोले यथाशीघ्र आबद्धताका लागि अनुरोध गरिएको पनि प्रवक्ता ढकालले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# शासकहरूको अदूरदर्शिताले विदेशी चलखेल

कुनै पनि स्वाधीन तथा सार्वभौम मुलुकमा हुने वैदेशिक हस्तक्षेप, आक्रमण, अतिक्रमण र नाकाबन्दी स्वीकार्य हुनेछैन । धाक, धम्की या दबाब दिएर अरू देशको स्रोत र साधन कब्जा गर्ने नियत कहिले पनि सही हुनेछैन । अरू देश र देशका जनतालाई पीडा दिएर आफू धनी हुने सोच र चिन्तन प्रजातान्त्रिक र प्रगतिशील कदमभित्र पर्दैन । अहिले संसारका मुलुकहरू असुरक्षित हुनुमा साम्राज्यवादी, विस्तारवादी र पुँजीवादी देशका शासकहरूको आक्रमण, अतिक्रमण र नाकाबन्दी नै हुन् । साम्राज्यवादी देशहरूले कुनै स्वाधीन देशमा आक्रमण गर्न या ध्वस्त पार्न अनेक जाल र चाल रचिरहेका हुन्छन् । विभिन्न गुप्तचर, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था जनतामाझ घुसिरहेका हुन्छन् । उनीहरूमार्फतै सामाजिक गतिविधि, विकास योजना सञ्चालन र आर्थिक क्रियाकलाप गरिरहेका हुन्छन् । उनीहरूको क्रियाकलाप र गतिविधि देखेर शासक दलका कार्यकर्ताहरू ठिक्कै ठान्छन् । तर, त्यस गतिविधिभित्र विदेशी चलखेल भइरहेको उनीहरू चाल पाउँदैनन् ।

सरकार, कूटनीतिज्ञ, गुप्तचर विभाग, प्रहरी प्रशासन समयमै सचेत भएनन् भने कसले कुन बेला कहाँ आक्रमण गर्छ र नसोचेझैँ क्षति पुऱ्याउँछ भन्ने कुरा खासै थाहा हुँदैन । भदौ २३ र २४ गतेको आन्दोलनलाई फर्केर हेर्दा तोडफोड र आगजनीको प्रकरणले घुसपैठ नै भएको भन्न सकिन्छ । बिनायोजना, बिनाघुसपैठ एकैपटक एकै समयमा एकै प्रकारको आगजनी सम्भव हुँदैन । अत: कुनै देशको बाह्य आक्रमण, बाह्य घुसपैठ खतरनाक हुन्छ भन्ने कुरा व्यापक जनताले बुझ्नुपर्छ । दूरदर्शी र गम्भीर नभएको हुँदा देशका शासकहरू अगाडिको स्वार्थ या फाइदा मात्र हेर्छन् । विकास र आर्थिक सहयोगको पोको बाँडेर दिएपछि उनीहरू हुरुक्क हुन्छन् र देश हितविपरीतका सन्धि सम्झौता आँखा चिम्लेर समर्थन गर्छन् या सही गर्छन् । एमसीसी सम्झौता यसको एक दृष्टान्त हो । हाल देशमा जति पनि विदेशी चलखेल भइरहेको हो; घुसपैठ भइरहेको हो, त्यो सबै शासकहरूको अदूरदर्शिताको परिणाम हो ।

देशको स्रोत र साधन विदेशी उद्योगपतिलाई दिनु, हरेक काम र विकासमा विदेशी शक्ति राष्ट्रको भर पर्नु, नेपाल र नेपालीको भन्दा विदेश र विदेशीहरूको हित या स्वार्थमा गर्ने आदि काम देशभन्दा विदेशीहरूको स्वार्थ पूरा गर्न नै भएको देखिन्छ । साम्राज्यवादी, विस्तारवादी र पुँजीवादी देशहरूले आक्रमण गरेर नै अरू देशमा आफ्नो हैकम जमाउने काम गर्छन् । आक्रमण गरेपछि विश्वले विरोध गर्ने हुँदा आर्थिक सहयोग र विकासको लोभ देखाएर पनि असमान सन्धि-सम्झौता गरेर उनीहरू फसाउन अघि सर्छन् । प्राकृतिक स्रोत, साधन कब्जा गर्ने, देश देश जुधाएर हतियार बेच्ने, देशमा आन्तरिक द्वन्द्व चर्काएर कमजोर बनाउने काममा साम्राज्यवादी शक्तिहरू अनेक चलखेल गर्छन्; गरिरहेका छन् । साम्राज्यवादी देश अमेरिकाले युक्रेन र इजरायललाई आर्थिक हतियार र सेना सहयोग नगरेको भए, नउक्साएको भए युक्रेन रूससँग र इजरायल प्यालेस्टिनसँग युद्ध गर्न अघि बढ्ने थिएन । बिगतमा इराक, अफगानिस्तान, लिबिया आदि मुलुकमा पनि अमेरिकाकै हात थियो । अमेरिकाले हाल भेनेजुयलामा आक्रमण गर्ने धम्की दिँदै छ । आक्रमण गर्नुभन्दा अघि अनेक झूट आरोप लगाइएको हुन्छ; झूट आरोप लगाएर आक्रमण गर्ने धम्की दिइएको हुन्छ । अरू देशको विकास र प्रगतिमा बाधा हाल्न नै आर्थिक नाकाबन्दी गरिएको हुन्छ । अहिले पनि क्युवा र प्रजग कोरियामा अमेरिकी नाकाबन्दी यथावत छ ।

विश्वका मुलुक र जनता साम्राज्यवादी देश अमेरिकाबाटै आक्रान्त र असुरक्षित छन् । साम्राज्यवादी नीतिको विरोध गर्ने देशलाई अमेरिकी सरकार शत्रुको दृष्टिले हेर्थ्यो । अनि कुनै न कुनै निहुँ खोजेर आक्रमण गरिहाल्थ्यो, नाकाबन्दी गरिहाल्थ्यो या आक्रमण गर्न र गराउन अरू देशलाई हतियार, सेना र आर्थिक सहयोग गरिहाल्थ्यो । आर्थिक सहयोग र विकासभित्र दुश्मन हुन्थ्यो, दुर्भाव हुन्थ्यो; गुलियो पोतेको विष हुन्थ्यो । त्यसैमा देशका शासकहरू फस्छन्; विष छर्ने विदेशी शक्ति राष्ट्रसामु झुक्छन् र कठपुतली बन्छन् । अरूको इसारामा नाच्ने कठपुतली सरकारले देशको विकास कहिल्यै गर्दैन, ऊ विकास गर्न अघि बढ्दैन । अत: बाह्य आक्रमण, बाह्य हस्तक्षेप, बाह्य दबाब र बाह्य जालझेलदेखि कुनै पनि सरकार, जनता र नागरिक समाज जहिल्यै सचेत हुनुपर्छ ।

अमेरिकी शासकहरूले अरू स्वाधीन देशमा गरिरहेको कुकृत्य, अमानवीय व्यवहार, दमनको कुरा देशका शासकहरू किन चाल पाउँदैनन् ? दर्जनौं देशमा आक्रमण गरेर देश ध्वस्त पार्ने र नरसंहार गर्ने काम अमेरिकाले गरिसकेको छ । ती देशसँग शासकहरू आफ्नै देशको अहितमा असमान सन्धि-सम्झौता गर्छन् । शासकहरू विगतको घटनाबाट किन पाठ सिक्दैनन् ? पाठ सिकेर किन अघि बढ्दैनन् ? फेरि मिच्ने क्रम चालु छ । तर, हाम्रो देशका शासकहरू मौन छन् । त्यसको विरोधमा शासकहरू चुइँक्क बोल्दैनन् । अरू देशले जति अतिक्रमण, दमन गरे पनि, दबाब दिए पनि, देश हितविपरीत काम गरे पनि शासकहरू चुइँक्क बोल्दैनन् भने उनीहरूको थिचोमिचो, दमन, दबाब र अतिक्रमणलाई चालु राख्नेछ । त्यसको शिकार नेपाल र नेपाली जनता हुनेछन् ।

# देशभक्त र असल प्राध्यापकको आवश्यकता

✍ सञ्जय

प्राध्यापक बौद्धिक प्राणी हो । प्राध्यापक राजनीतिक प्राणी पनि हो । कुनै पनि प्राध्यापक राजनीतिबाट अलग हुनसक्दैन । प्राध्यापक राजनीतिबाट टाढा पनि रहन सक्दैन । उनले बुझ्ने र नबुझ्ने, जानकार हुने र नहुने मात्रै हुन् । प्राध्यापक बुद्धिजीवी पनि हुन् । देशभक्त र असल प्राध्यापक, बुद्धिजीवीले देशको निर्माण र रक्षा गर्न, देशलाई आफ्नै खुट्टामा उभ्याउन विचार र बुद्धि दिन्छन् । उनीहरू देश र जनताको सेवाको लागि निरन्तर पढ्छन्, अनुसन्धान गर्छन्, विश्लेषण गर्छन् र लेख्छन् । उनीहरू कुनै शक्तिको अगाडि झुक्दैनन् । उनीहरू ठीक ठाउँमा, ठीक समयमा त्यस्तो काम गर्न चुक्दैनन्; आफ्नो स्वार्थको लागि नैतिकता बेच्दैनन् । उनीहरू सबैको अगाडि निडर भएर सत्य कुरा बोल्दै हिँड्छन् । उनीहरू भ्रष्ट नेता, विदेशीको अगाडि झुकेर पूजा गर्दैनन् । उनीहरू आफ्नो रगत पसिनामा, नेपाली माटोमा गर्व गर्छन् । उनीहरू त्यागी, नैतिकवान्, इमानदार, कर्तव्यनिष्ठ र देशभक्त हुन्छन्; असल हुन्छन् । माणिकलाल श्रेष्ठ, यदुनाथ खनाल, गोविन्दप्रसाद लोहनीलगायतका प्राध्यापक र बुद्धिजीवीहरू यसका उदाहरण हुन् । आज देशमा यस्ता प्राध्यापक, बुद्धिजीवीहरूको खडेरी छ ।

आज देशलाई देशभक्त, असल प्राध्यापक र बुद्धिजीवी चाहिएको छ । जो हामीले हिजोको केही त्यस्ता व्यक्तित्वहरूको नाम उदाहरणको रूपमा माथि उल्लेख गरिसकेका छौँ । देशलाई आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न जसरी पनि पैसा कमाउने बुद्धिजीवी, प्राध्यापक चाहिएको होइन । विदेशीको माना खाएर देशघात गर्ने प्राध्यापक, बुद्धिजीवी चाहिएको होइन । दुई देशको दोब्बर तलब सुविधा खाने प्राध्यापक, बुद्धिजीवी पनि झन चाहिएको होइन । सरकारले देशको अहित हुने काम गर्न लाग्दा, देशघात हुने काम गर्न लाग्दा खबरदारी गर्ने, सही विचार, सुझाव सल्लाह समयमा ठीक व्यक्तिलाई दिने प्राध्यापक बुद्धिजीवी देशलाई चाहिएको छ । देशलाई आफ्नो पद र सुविधा नपाइएला, खोसिएला भनेर डराउने पिपलपात्ते प्राध्यापक, बुद्धिजीवी चाहिएको होइन । विदेशीले सीमा मिच्न लाग्दा, मिच्दा, देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्दा, भ्रष्टाचार गर्दा बहुसङ्ख्यक गरिब जनतामाथि कसैले अन्याय गर्दा, अत्याचार गर्दा, देशको माटो रक्षा गर्ने, लड्ने देशभक्त नेपाली जनतालाई विदेशीले कुटपिट र आक्रमण गर्दा निडर भएर विरोध गर्ने बोल्ने, लेख्ने, विद्यार्थीलाई पढ्ने, लड्न तयार गर्ने प्राध्यापक, देशभक्त, असल बुद्धिजीवी आज देशलाई जरुरी छ ।

युवा वर्ग देश निर्माणको शक्ति हो । विद्यार्थीहरू देश विकासका मेरुदण्ड हुन् । उनीहरू देशको विकास गर्ने, रक्षा गर्ने रक्षक पनि हुन् । तर दु:खको कुरा हाम्रा लाखौँ, युवा विद्यार्थीहरू विदेश पलायन भइरहेका छन् । पचासौँ अर्ब रुपैयाँ विदेसिएका छन् । यो देशको लागि दु:खद छ । आफू जन्मे, हुर्केको देशको माटोको सेवा गर्नुपर्ने, देशको ऊर्जा, शक्ति विदेश पलायन भएको छ । बाहिर जान प्राध्यापक र बुद्धिजीवीले उक्साउन, बाध्य पार्ने काम गरेका छन् । त्यस्तो बुद्धि, विचार, सोच लिएर आउने नेता, प्राध्यापक, बुद्धिजीवीहरू देशद्रोही हुन् । देशभक्त, असल प्राध्यापक, बुद्धिजीवीले त्यसलाई रोक्ने प्रयास गर्छन् । तिनीहरू सरकार, शासक नेताहरूलाई सुझाव, सल्लाह र खबरदारी गर्छन् । त्यस्तो काममा उनीहरूले कहिले मञ्च, सभामा त कहिले छलफल, गोष्ठी, अन्तरक्रिया, बहस सम्मेलनमा बोल्छन् । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा पढाउने करिब एक हजार जति प्राध्यापकहरू छन् । आफ्नो कर्तव्य, जिम्मेवारी नि:स्वार्थरूपले निभाउने प्राध्यापकहरू औँलामा गन्न सकिन्छ भनेर एक सचेत प्राध्यापकले भनेका छन् ।

आज देशलाई आफू पनि सुसंस्कृत, सदाचारी, असल, देशभक्त प्राध्यापक हुने, विद्यार्थीलाई पनि त्यसरी उत्तरदायी भएर पढाउने, सिकाउने बुद्धिजीवीको जरुरी छ । युवा विद्यार्थीहरूलाई अनुशासित, आफ्नो देशको माटो चिनाउने, विश्वको परिवर्तित घटनाको अध्ययन, विश्लेषण गरी त्यसको शिक्षा, ज्ञान, अनुभव देशको रक्षा र निर्माणमा लगाउने प्राध्यापक, बुद्धिजीवीहरू, युवा, विद्यार्थी आवश्यक छ । उनीहरूले त्यस्ता देशभक्त, अनुशासित, असल कर्णधारहरू तयार गर्नुपर्छ । जुन मित्रराष्ट्र चीनले देशलाई आफ्नो खुट्टामा उभ्याउन पाँच दशक अगाडि नै गरिसकेको छ । आज चीनले विश्वलाई नेतृत्व गर्दै छ । त्यसलाई असफल पार्ने काममा अमेरिका लाग्दै छ । यसमा चीन सचेत छ । चिनियाँ सरकारले विश्वका जनतासँग त्यानो माया र सम्बन्ध बढाइरहेको छ । त्यसैले नेपालका प्राध्यापक, बुद्धिजीवीहरूले चीनबाट सिक्नु जरुरी छ । आफू पनि सही, स्वच्छ राजनीतितर्फ लाग्न, अगाडि बढ्न र विद्यार्थीलाई पनि त्यही रूपमा प्रेरणा दिनु आवश्यक छ ।

केही देशप्रति र जिम्मेवार प्राध्यापकहरू भन्ने गर्छन् - हामीले धेरै पढ्यौं । २-३ वटामा डिग्री, एमफिल, पीएचडीको प्रमाणपत्र लियौं, प्राप्त गर्‍यौं । विदेशबाट पनि पढेर प्राप्त गर्‍यौं तर त्यसले हाम्रो दिमागमा औपनिवेशिकताको मानसिकता थोपर्दै छ । हामीलाई आफ्नो परिवार, माटो, भाषा, इतिहास, संस्कृति, सभ्यता र राजनीतिबाट झन्झन् टाढा धकेल्दै छ । आफूलाई हामी अवमूल्यन, अस्तित्वविहीन बनाउँदै छौं । देशमा केही छैन, अवसर छैन भन्दै हामी विदेश पलायन हुँदै छौं । विदेशीको सेवामा सस्तो ज्यामी बन्न जाँदै छौं । हामी अङ्ग्रेजी खरर बोल्छौं, लेख्छौं । देश र विदेशको दोब्बर तलब सुविधा खाने प्राध्यापक, बुद्धिजीवी बन्दै छौं । यसलाई देशको विकास भन्दै छौं । तर, यो देशको विकास होइन बरु विनाश हो ।

केही बुद्धिजीवीहरू भन्छन् - हामीले धेरै किताब पढ्यौं, पढ्दै छौं । तर, त्यो पढाइले मेरो परिवार, मेरो समाज, गाउँ, टोल, सहर, माटो, मौलिकता, भाषा, कला, संस्कृति, भूगोल, कृषि, उद्योग, रोजगारी, व्यापार, व्यवसाय कुनैलाई काम लाग्दैन भने त्यो पढ्नु व्यर्थ छ । चाहे देशमा पढून् चाहे विदेशमा पढून् । विदेशमा विदेशीले विदेशी मानसिकता, विचार, सोच, लोभ थोपर्ने हुँदा विदेशमा पढ्ने नाममा गएका विद्यार्थी, प्राध्यापकलगायतका नागरिकहरू देशमा फर्किने सम्भावना कम छ । उनीहरूको आँखाले आफ्नो देश देख्दैन । उनीहरू देश, समाज, संस्कृति, माटो, हावापानी, इतिहास, राजनीति, जनता चिन्दैनन् ।

प्राध्यापक र बुद्धिजीवी राजनीतिक र सामाजिक प्राणी हुन् । उनीहरू कोही पनि राजनीति र समाजबाट अलग्ग हुनसक्दैनन् । कुन प्राध्यापक र बुद्धिजीवीले गाउँ तथा समाजसँग भिजेर काम गरिरहेका छन्; कुन बुद्धिजीवीले जनता, किसान, मजदुरसँग हातेमालो गरेर देशको लागि काम गरिरहेका छन्; कुन प्राध्यापक र बुद्धिजीवीले धनी र शक्तिशाली देशले गरिब र कमजोर देशमाथि गरेको थिचोमिचो, धम्की, आक्रमणको विरोधमा बालेका छन्; कुन प्राध्यापक र बुद्धिजीवीले आफ्नो पद, पैसा, सुविधा, परिवारको लागि मात्र काम गरिरहेका छन्, त्यो जनताले हेरिरहेका छन्, परीक्षा लिइरहेका छन् । किनभने, जनताको आँखा दूरबिन सरह हुन्छ । केही प्राध्यापक र शिक्षकहरू राजनीति र देशसँग मतलब छैन भन्छन् । उनीहरू बिदा मनाउने नाममा घुम्न जान्छन्, पिकनिक गर्छन्, जुवातास खेल्छन्, चुरोट, रक्सी, बियर खान्छन् र लठ्ठ पर्छन् । त्यस्ता प्राध्यापक र शिक्षक जसले कुनै दल, नेता, भ्रष्ट अपराधी छ भन्ने कुरा पनि थाहा छ । दलका नेता, मन्त्री र सांसदहरू शतप्रतिशत भ्रष्टाचारी, बेइमान, अनैतिक छन् भन्ने कुरा पनि थाहा छ । तर, पनि केही पद पाउला, सुविधा पाउला भनेर केही पाउने आशामा पछाडि पुच्छर हल्लाउँदै लुरुलुरु हिँड्छन् ।

तर, देश र जनताप्रति सचेत, त्यागी, निडर, असल प्राध्यापकले कुन दल, कुन नेता, कुन जनप्रतिनिधि कस्तो छ, के गरिरहेको छ, उनको रणनीति के हो ? देश र विश्वमा भइरहेको घटनाक्रम, परिवर्तनलाई पढ्ने, बुझ्ने, चिन्ने प्रयास गर्छन् । देश र विदेशको राजनीति, कूटनीति, अर्थनीति, संस्कृति, इतिहास आदिबारे अध्ययन गर्ने र देशको हितमा मञ्चको कार्यक्रममा बोल्छन् । देशको नाम राख्ने काम गर्छन् । यदि प्राध्यापक, शिक्षक, बुद्धिजीवी, देशभक्त निडर, असल भइदिएको भए काङ्ग्रेस, एमाले, माओवादीले देशघाती, एमसीसी, एपीपी, नागरिकता विधेयक, महाकालीलगायतका देशघाती सन्धि, सम्झौता गर्नसक्ने थिएन । उनीहरूले यी शासक दलका नेताहरूलाई खबरदारी गर्थे । तर, त्यसलाई रोक्ने कुनै प्रभावकारी कदम अगाडि बढाएको देखिएन । त्यसो त आजका अधिकांश शासकहरू, मन्त्री, सांसदहरू, हिजो पञ्चायतको विरुद्धमा लडेर आएका, जनतालाई दिनरात सचेत पारी आन्दोलन, सङ्घर्ष गर्दै आएका सचेत शिक्षक प्राध्यापक नै थिए । तर, दु:खको कुरा आज तिनीहरू ३५ वर्षदेखि सत्तामा छन् । उनीहरूले विचार फेरे, सिद्धान्त फेरे, आचरण र व्यवहार फेरे । उनीहरूले विदेशीको नुनको सोझो गरे । विदेशीको हुकुम, आदेश, धम्कीको अगाडि झुके । जसको प्रभाव आज देशको राजनीतिमा देखिन थालेको छ । त्यसैले देशलाई जोगाउन चीनले जस्तै आफ्नै खुट्टामा उभ्याउने देशभक्त, असल बुद्धिजीवीहरूको आज देशमा खाँचो छ ।

# भेनेजुयलामा 'मानवता' को नाममा हमला

अन्तर्राष्ट्रिय राजनीतिमा सन् २०१९ को पहिलो महिनादेखि नै निकै चर्चामा रहेको विषय हो-भेनेजुयलाको राजनीतिक घटनाक्रम । भेनेजुयलाको संविधानअनुसार निर्वाचित राष्ट्रपति निकोलस माडुरो नेतृत्वको सरकारलाई चुनौती दिँदै राष्ट्रियसभा अध्यक्ष ह्वान ग्वाइडोले आफूलाई देशको 'अन्तरिम राष्ट्रपति' घोषणा गरेपछि त्यो दक्षिण अमेरिकी देशमा राजनीतिक समस्या चुलिएको हो । संरा अमेरिका र विश्वमा उसको नेतृत्व स्वीकार्दै आएका देशहरूले भेनेजुयलाको अवैधानिक 'अन्तरिम राष्ट्रपति' ग्वाइडोलाई मान्यता दिएपछि भेनेजुयलाको राजनीतिक समस्या थप जेलिएको हो ।

भेनेजुयलामा संरा अमेरिकी चासोका मूलत: दुई कारण छन् । पहिलो, भेनेजुयलासँग भएको अथाह तेल स्रोत र दोस्रो, भेनेजुयलामा सत्तासीन साम्राज्यवादविरोधी राजनीतिक नेतृत्व । संरा अमेरिकी नेतृत्व भेनेजुयलाको तेल स्रोत आफ्नो नियन्त्रणमा ल्याउन चाहन्छ र त्यसको निम्ति बाधक बनेको साम्राज्यवादविरोधी राजनीतिक नेतृत्वलाई पन्छाउन चाहन्छ । माडुरो नेतृत्वको सरकार नै संरा अमेरिकाको निम्ति भेनेजुयलामाथि कब्जा जमाउने प्रमुख बाधक हो । संरा अमेरिकाले यो बाधक पन्छाउन ह्वान ग्वाइडोलाई गोटीको रूपमा प्रयोगमात्र गरेको हो ।

भेनेजुयलाको अर्थतन्त्र र मुद्रास्फीतिबारे पुँजीवादी सञ्चारमाध्यमहरूले धेरै कुरा फलाकिसकेका छन् । यदि ती समाचारमा किमार्थ पनि सत्य भए त्यसको मूल कारण संरा अमेरिकाले थोपरेको नाकाबन्दी नै हो । नत्र ती समाचार भेनेजुयलामा संरा अमेरिकी हस्तक्षेप र हमलाको लागि पूर्वाधारका रूपमा रचिएका हुन् । संरा अमेरिकाले कथित मानवीय सङ्कट समाधानको लागि कोलम्बिया र भेनेज्युलाबिचको सीमावर्ती क्षेत्रजस्तै कुकुट सहरमा टनका टन 'राहतका सामग्री' राखेको तर भेनेजुयलाको माडुरो सरकारले प्रवेश नदिएको भन्ने प्रचार केही सञ्चारमाध्यमले फलाकिरहेका छन् । तर, माडुरो सरकारले संरा अमेरिकाको राहत सामग्री हस्तक्षेपको बाटो भएको र साम्राज्यवादी हस्तक्षेपको मनसायले दिन लागेको कुनै पनि सामग्री स्वीकार्य नहुने प्रस्ट बताएको छ । राष्ट्रपति माडुरोले भेनेजुयलामा दिन कोलम्बियामा राखिएको राहत सामग्री कोलम्बियाकै विपन्न जनतालाई वितरण गर्न सुझाव दिए ।

संसारमा मानवता र प्रजातन्त्रको आवरणमा साम्राज्यवादीहरूले साना तथा अविकसित देशमाथि हमला गरेको इतिहासबारे भेनेजुयलालाई राम्रो जानकारी हुनुपर्छ । इराक र लिबियामा संरा अमेरिकाले प्रजातन्त्र र मानव अधिकारकै बहानामा हस्तक्षेप गरेको थियो । इराकी र लिबियाली जनतासँग न आज आफ्नो देश छ न मानव अधिकार र प्रजातन्त्र नै छ । बरु हरेक दिनको त्रास, अस्थिरता र साम्राज्यवादी हस्तक्षेपबिच उनीहरू बाँच्न बाध्य छन् । कुनै बेला समृद्ध र सम्पन्नताबिच बाँचेका इराकी र लिबिया जनता आज भग्न सहरका भग्नावशेषबिच देश खोज्न बाध्य छन् । यो इतिहासबाट पाठ सिकेर भेनेजुयाली जनता कुनै पनि अवस्थामा आफ्नो देशमा साम्राज्यवादी हमलाबाट जोगाउने सङ्घर्षमा जुटेका छन् । भेनेजुयलाका जनतासँग आज साम्राज्यवादको प्रतिरोध गर्नुको अर्को विकल्प छैन । जसरी क्युबालीहरूले साम्राज्यवादविरुद्ध 'मृत्यु वा स्वतन्त्रता' को लडाइँ लडेका थिए, आज दक्षिण अमेरिकाको अर्को देश भेनेजुयलाका जनताको काँधमा यो ऐतिहासिक जिम्मेवारी आएको छ ।

मानवता, मानव अधिकार, प्रजातन्त्रजस्ता शब्दभित्र लुकाइएको कालकुट विषबारे भेनेजुयाली जनता सजग हुन जरुरी छ । सामान्य अवस्थाका हजार निर्णय र सङ्कटकालीन अवस्थामा गरिने एकै निर्णय बराबर हुन्छ । आज भेनेजुयाली जनताले गर्ने एउटै गलत र आत्मसमर्पणवादी निर्णयले संसारको इतिहासको नक्सामा धेरै परिवर्तन ल्याउन सक्छ । भेनेजुयलामा साम्राज्यवादको पराजय र समाजवादको विजयले संसारका जनतामा समाजवादको अपराजयताप्रतिको विश्वास अझै बलियो बन्ने पक्का छ ।

***स्रोत : भेनेजुयला : हिजो र आज (२०७५ फागुन ११)***

# अध्यक्ष माओ र माओ त्सेतुङ विचारधाराको मूल्याङ्कन कसरी गर्ने ? – १

✍ ह्वाङ केचेङ

*(यस लेखका लेखक ह्वाङ केचेङ १९०३ मा जन्मनुभएको थियो र १९२५ मा क्रान्तिमा सामेल हुनुभएको थियो । १९५० पछिका वर्षहरूमा उहाँ चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको सचिवमण्डलको एक सदस्य, राष्ट्रिय रक्षा विभागको उपमन्त्री र चिनियाँ जनमुक्ति सेनाको मुख्य कार्यालय (जनरल स्टाफ) को प्रमुख हुनुहुन्थ्यो । पछि उहाँ चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको मातहतको अनुशासन जाँचबुझ केन्द्रीय आयोगको दैनिक कार्यको कार्यसचिव पनि हुनुभयो ।)*

चिनियाँ कम्युनिस्ट पार्टी र राज्यको प्रमुख संस्थापकको रूपमा अध्यक्ष माओले सङ्कटका क्षेत्रहरूमा कैयौँ पटक चिनियाँ क्रान्तिलाई जोगाउनुभएको थियो ।

कृषि, शिल्पकला, पुँजीवादी उद्योगहरू एवम् वाणिज्यमा समाजवादी रूपान्तरण भएपछि, आफ्ना पछिल्ला वर्षहरूमा उहाँबाट भएका गल्तीहरू समाजवादी निर्माण कार्यमा ध्यान केन्द्रित नगर्नु, वर्गसङ्घर्षलाई निरपेक्षरूपमा मान्नु र यसको क्षेत्रलाई आवश्यकताभन्दा बढी महत्त्व दिनु थियो ।

माओ त्सेतुङ विचारधाराले मार्क्सवाद-लेनिनवादको विकासको प्रतिनिधित्व गरेको र यसलाई चिनियाँ क्रान्तिमा ठोस कार्यरूप दिइएको हुनाले विशिष्ट महत्त्व छ र यसमा चिनियाँ विशेषताहरू छन् । यसले हाम्रो क्रान्तिलाई अगाडि बढाउन बाटो देखाइरहने छ ।

अध्यक्ष माओ त्सेतुङलाई कसरी प्रशंसा गर्ने र कसरी मूल्याङ्कन गर्ने, अनि माओ त्सेतुङ विचारधारालाई कसरी लिने भन्ने कुरो हाम्रो पार्टी र राष्ट्रको लागि एक आधारभूत प्रश्न हो । पार्टी केन्द्रीय समितिको तर्फबाट तेङ सियाओ फिङले कैयौँपटक यससम्बन्धी सैद्धान्तिक दृष्टिकोणलाई प्रकट गरिसक्नुभएको छ । चिनियाँ कम्युनिस्ट पार्टी र राष्ट्रको इतिहासमा अध्यक्ष माओका गुणहरू मुख्य र उहाँका गल्तीहरू गौणमात्र हुने कुरो उहाँले बताउनुभयो । धेरैपटक अध्यक्ष माओले पार्टी र राष्ट्रलाई सङ्कटहरूबाट जोगाउनुभएको कुरो पनि उहाँले बताउनुभयो । अध्यक्ष माओ नहुनुभएको भए चिनियाँ जनताले धेरै लामो समयसम्म अँध्यारोमा छामछाम छुमछुम गरिरहनुपर्दथ्यो । अध्यक्ष माओका आफ्ना पछिल्ला वर्षहरूमा भएका गल्तीहरूबारे बोल्दै तेङ सियाओ फिङले विगतका सबै गल्तीका लागि अध्यक्ष माओमाथि दोष थोपर्न नहुने कुरो बताउनुभयो । पुराना पुस्ताका अरू कामरेडहरू पनि त्यसको लागि जिम्मेवार हुनुहुन्छ । हामीले भविष्यमा पनि माओ त्सेतुङ विचारधारालाई अँगाल्दै जानुपर्ने कुरो उहाँले बताउनुभयो । तेङ शियाओ फिङका यी विचारहरूसित म पूर्णत: सहमत छु र सबै पार्टी सदस्यहरूले अध्यक्ष माओको आदर गर्नुपर्छ र माओ त्सेतुङ विचारधारालाई यस भावनाबाट लिनुपर्छ भन्ने पक्षमा छु ।

यसभन्दा अघि केही कामरेडहरू यी दुई प्रश्नहरूमा अतिवादी दृष्टिकोण राख्दथे र केहीले त माओ विचारधारा र माओ त्सेतुङलाई नै बद्ख्वाइँ पनि गर्न पुगे । यस दृष्टिकोणसित म साह्रै नै चिन्तित भएको छु । एकजना पुरानो पार्टी सदस्य भएको नाताले यी दुई प्रश्नहरूमा आफ्नो दृष्टिकोण स्पष्ट पार्नु आफ्नो कर्तव्य ठान्दछु ।

अब म इतिहासको केही पक्षहरूबारे भन्छु । हुनानका किसानहरू चेन तु श्युका दक्षिणपन्थी अवसरवादी काल (१९२१-२७) को क्रान्तिमा उठे । पार्टी केन्द्रीय समितिका धेरै नेताहरू एवम् समाजका मध्यम तथा उच्च वर्गीय मानिसहरू हुनान किसान आन्दोलनको विरोधमा थिए । किसान समस्यालाई हल गर्न हुनान पुगेका ताङ पिङ शान र अरूहरूले उक्त किसान आन्दोलन नियन्त्रणभन्दा बाहिर गइरहेको बताए । चेन तु श्युको यहीँ दृष्टिकोण थियो । केहीले मात्र क्रान्तिकारी अडान राखे र किसान आन्दोलनलाई समर्थन गरे । हुनान स्थलगत अध्ययन गरी 'हुनान किसान आन्दोलनको जाँचबुझको प्रतिवेदन' माओ त्सेतुङले नै लेख्नुभएको थियो । उहाँले त्यस आन्दोलनलाई साह्रै प्रशंसा गर्नुभयो र विभिन्न किसिमका आरोपहरूको खण्डन गर्नुभयो । थुप्रै पार्टी कामरेडहरूले यस प्रश्नको निर्णायक महत्त्वलाई सैद्धान्तिकरूपले लिए ।

**लालसेनाको स्थापना र निर्माणकालको दौरानको प्रशंसनीय सेवा**



सन् १९२७ मा महान् क्रान्तिको असफलतापछि पार्टी केन्द्रीय समितिले आफ्नो अगस्त ७ को सभामा कोमिन्ताङ प्रतिक्रियावादीहरूको सशस्त्र विरोध गर्ने र कृषि क्रान्ति कार्यान्वयन गर्ने मुख्य सिद्धान्त पारित गर्‍यो । (अगस्ट ७, १९२७ मा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको एक जरुरी बैठक बस्यो । यसमा चेन तु श्युलाई पार्टी केन्द्रीय समितिको महासचिव पदबाट हटाइयो र पार्टी केन्द्रीय समितिको एक अस्थायी राजनैतिक समिति (पोलिटब्युरो) पनि चुनियो ।) यसले हुनान, हुपे, क्वाङतुङ र च्याङसी प्रान्तहरूमा सशस्त्र विद्रोह गर्ने पनि निर्णय गर्‍यो । ल्युयाङ र पिच्याङमा शरद् बालीको बेलामा एउटा विद्रोहलाई सङ्गठित गर्न र हुनान प्रान्तको राजधानी चाङशामा धावा बोल्न अध्यक्ष माओ हुनान पठाइनुभयो । यही बेला ल्यू रोङह्वान र अरूहरूले चोङ याङ, तोङचेङ र अरू ठाउँहरूमा किसान विद्रोहहरूको नेतृत्व गर्नुभयो र सशस्त्र सैनिक दलहरूको सङ्गठन गर्नुभयो । यसबाहेक पिङच्याङ र ल्यु याङमा किसान स्वयंसेवक पिङस्याङ र आनयानमा श्रमिक आत्मसुरक्षा दलहरू र लिलिङमा किसान विद्रोहीहरू विद्रोहमा थिए । अध्यक्ष माओले यी शक्तिहरूलाई एकगठ गर्नुभयो । तर, चाङशामाथि आक्रमण गर्ने योजनालाई भने लागू गर्न सकिएन । पिङच्याङ र ल्यूयाङ चाङशाबाट धेरै नजिक भएबाट ती सहरहरूलाई लामो समयसम्म कब्जामा राख्न नसकिने कुरो अध्यक्ष माओले देख्नुभयो । यसकारण, उहाँले मुख्य-मुख्य सहरहरूलाई कब्जामा लिने योजनालाई त्याग्नुभयो र चिङकाङ पहाडतिर बढ्नुभयो । यो एक ठूलो महत्त्वको सामरिक निर्णय थियो ।

प्रसिद्ध सान्वान् पुन:सङ्गठनको सिलसिलामा अध्यक्ष माओले सेनाका सबै तहहरूमा पार्टी सङ्गठनहरू बनाउनुभयो । चिङकाङ पहाडमा पुग्नु भएपछि उहाँले निर्देशक सिद्धान्तहरूलाई अगाडि सार्नुभयो, ल्युशियाओ पहाडी शृङ्खलाको मध्यमा क्रान्तिकारी राजनैतिक शक्तिको स्थापना थाल्नुभयो र चिङकाङ पहाडमा रातो झन्डा फहराउनुभयो । शरद् बाली विद्रोहको बेलैमा च्याङशी प्रान्त, हुनान र हुपे प्रान्तहरूका पश्चिमी भागहरू र थुप्रै अरू ठाउँहरूमा पनि विद्रोहहरू भएका थिए । अनुभवको कमीले गर्दा अधिकांश विद्रोहहरू दबाइएको र केही ठाउँहरूमा विद्रोहीहरू हतियार छोड्न बाध्य भए । रातो झन्डा खुला फहराउँदै क्रान्तिमा अगाडि बढ्न सकेका शक्तिहरूमा मुख्यत: अध्यक्ष माओद्वारा नेतृत्व गरिएका शक्तिहरू र उत्तरपूर्वी च्याङशी प्रान्तमा फाङ चिमिनद्वारा नेतृत्व गरिएका केही सशस्त्र सैनिक दलहरू नै थिए । चिङकाङ पहाडमाथिको रातो शक्तिको अस्तित्वले चिनियाँ क्रान्तिको जग र आशालाई प्रतिबिम्बित गरेको थियो । महान् क्रान्तिको हारपश्चात्को अति कठिन समयमा नयाँ विश्वासले थुप्रै कम्युनिस्टहरूलाई प्रेरणा प्राप्त भएको थियो ।

कामरेड चाओ एन लाइ, ह लुङ, ये तिङ, चु तेह, ल्यू पोचेङ र अरूले नेतृत्व गरेको १९२७ अगस्ट १ को नानचाङ विद्रोहले क्रान्तिकारी युद्धको स्वतन्त्र कम्युनिस्ट नेतृत्वको सूत्रपात गरिदियो । ३०,००० भन्दा बढी मानिसहरूले त्यस विद्रोहमा भाग लिएका थिए । यसको हारपछि चु तेह र चेन यीले ८०० देखि ९०० जवान सैनिकसम्म बटुल्नुभयो र त्यसलाई एक रेजिमेन्टमा पुन: सङ्गठित गर्नुभयो । पछि उहाँहरूले यो सैनिक शक्तिलाई बढाएर दक्षिण हुनानतिर विद्रोह उठाउनुभयो । उहाँहरूको यो सेना अध्यक्ष माओको सेनाभन्दा ठुलो थियो । तर, अध्यक्ष माओको चिङकाङ पहाडहरूमाथिको रातो झन्डाबिना र उहाँको राजनैतिक र सैनिक कार्यनीतिहरूबिना उहाँहरूलाई सङ्घर्षमा अड्न साह्रै कठिन हुन्थ्यो ।

पेङ तेहवाइ, तेङ ताइट्वान तथा अरूहरूले पिङ च्याङमा एउटा विद्रोहको वीरतापूर्वक नेतृत्व गर्नुभयो । त्यसपछि पेङ तेहवाइ र तेङ ताइट्वान आफ्ना प्रमुख दललाई लिई चिङकाङ पहाडतिर लाग्नुभयो । अध्यक्ष माओबाट कसरी क्रान्तिकारी राजनैतिक सत्ताको स्थापना गर्ने, कसरी आधार इलाका बनाउने र पार्टी र सेनालाई कसरी सङ्गठन गर्ने भन्ने विषयमा सिकिसकेपछि उहाँहरू पिङच्याङ, ल्यू याङ क्षेत्रमा फर्कनुभयो र हुनान-हुपे, च्याङशी आधार इलाकाको विकास गर्नुभयो । चाङ ताङलेइ, सुं चाओचेङ, ये तिङ र ये च्येनयिङद्वारा नेतृत्व गरिएको क्वाङचाओ विद्रोह असफल हुनासाथ बाँकी रहेको सेनालाई ट्वान कोपिङ, ये योङ र लु केङफुले हाइफेङ र लुफेङतिर लैजानुभयो । आफ्ना कार्यकर्ताहरूमा पार्टी सङ्गठनलाई बचाउन सक्नेहरूले एक बलियो सशस्त्र सेना बनाए तथा विद्यार्थीहरूबाट आएकामध्ये धेरै अगाडि बढे ।

तिनीहरू अध्यक्ष माओ र चु तेहद्वारा नेतृत्व गरिएका सैनिक दलहरूभन्दा राजनैतिक र सैनिकरूपले राम्रा थिए । पेङ पाइ भन्ने एकजना कामरेड हाइफेङ र लुफेङमा भएका सङ्घर्षहरूको नेतृत्व गर्नुभयो र त्यहाँ सोभियत सत्ता स्थापना गरी एउटा राम्रो आधार इलाकाको विकास गर्नुभयो । त्यसलाई व्यापक जनसमर्थन प्राप्त भयो । तर, सही सामरिक र राजनैतिक दिशाको अभाव र पार्टीभित्र व्यापक निराशावादी प्रभावले गर्दा त्यो सुदृढ शक्ति र सुदृढ राजनैतिक सत्ता पतन भयो । तर, पनि अध्यक्ष माओको नेतृत्वमा रहेको एकमात्र सैनिक शक्ति नानचाङ विद्रोह र क्वाङचाओ विद्रोहभन्दा सानो खालको भए तापनि अनेक हण्डरहरू खान्दै चिङकाङ पहाडमाथि ठाडो भएर रहन सक्यो । यो कसरी भयो त ? केवल अध्यक्ष माओले महान् क्रान्तिको असफलतापछिका सङ्कटमय क्षणहरूमा लालसेना र लाल राजनैतिक सत्ताको सम्बन्धमा सैद्धान्तिक र व्यवहारिक समस्याहरूको सही ढङ्गमा हल गर्न सक्नुभयो र यी उपलब्धिहरू कसरी हासिल गर्ने भन्नेबारे पनि बताउनुभयो ।

सङ्क्षेपमा महान् क्रान्तिको असफलतापछिका ती सबभन्दा सङ्कटमय मोडहरूबाट अध्यक्ष माओले नै हाम्रो पार्टी र चिनियाँ जनतालाई बाटो देखाउनुभयो । चिङकाङ पहाडमा उहाँले फहराउनुभएको रातो झन्डाबिना चिनियाँ क्रान्तिको के हालत हुन्थ्यो, त्यो कल्पनासम्म पनि गर्न कठिन छ ।

**शत्रुको 'घेराबन्दी गर्ने र दमन गर्ने' ती अभियानहरू चकनाचुर**

फेब्रुअरी १९२९ मा साङ्घाइको पार्टी केन्द्रीय समितिले चू तेह र अध्यक्ष माओलाई आफ्नो सेना छोड्न र साङ्घाइ जान आदेश दियो र उहाँहरूका सेनाहरूबाट शत्रुहरूको ध्यान मोड्न सेनालाई कम्पनी र प्लाटुनहरूमा विभाजित गर्न अऱ्हायो । त्यसबेला क्रान्तिको लहर तल झर्दै थियो । ती सेनाहरू तितरवितर हुने डरले गर्दा आफूले त्यहाँबाट साङ्घाइतिर हिँड्न नसक्ने अध्यक्ष माओले जवाफ पठाउनुभयो । त्यसको लगत्तै युद्ध सरदारहरूको माझमा सशस्त्र सङ्घर्षहरू छेडियो र परिस्थिति बदलियो । त्यस कठिन क्षणमा यदि अध्यक्ष माओ आफ्नो सही अडानमा नअड्नुभएको भए हाम्रो सेनामाथि के आइपर्ने थियो, त्यो भन्न गाऱ्हो छ ।

१९२९ मा लालसेनाको प्रमुख पल्टन फुच्यान प्रान्तको पश्चिममा छँदा पार्टीभित्र सिद्धान्तका केही प्रमुख विषयहरूलाई लिएर एक विवाद उठ्यो । पार्टीको बहुमत अध्यक्ष माओसँग असहमत थिए । मोर्चा समितिको सचिव पदबाट अध्यक्ष माओ हटाइनुभयो र आराम लिन स्वास्थ्य लाभ गर्न बाध्य हुनुभयो । पछि लालसेनाका आक्रमणहरू विफल पारिएर कठिनाइमा जाकिँदा अध्यक्ष माओलाई आफ्नो पद सम्हाल्न अनुरोध गरियो । कुथियानमा लालसेनाको चौथो सेनाको नवौँ पार्टी सम्मेलन भयो र त्यसमा अध्यक्ष माओद्वारा मस्यौदा गरिएको सम्मेलनको प्रस्ताव पारित भयो । 'पार्टीभित्रका गलत विचारधाराहरूलाई सच्याउने बारे' भन्ने लेख नै त्यस प्रस्तावको महत्त्वपूर्ण पक्ष थियो र यो लेखलाई 'माओ त्सेतुङका छानिएका कृतिहरू' मा समावेश गरिएको छ । त्यो प्रस्तावले पार्टीभित्र व्याप्त धेरै सैद्धान्तिक र राजनैतिक मुख्य-मुख्य समस्याहरूको हल गरिदियो । हाम्रो पार्टी र सेनाको जीवन-मरणसम्बन्धी पक्षहरूका अध्यक्ष माओका सही नीति निर्णयहरूले गर्दा पार्टी र सेनाको निर्माणमा ठूलो भूमिका खेल्यो ।

सन् १९३० मा लिलिसान नीति देखापऱ्यो । त्यसको मुख्य लक्ष्य उहान कब्जा गर्न लालसेनाको प्रमुख शक्तिहरूलाई एकत्रित पार्नु थियो । त्यो समय लालसेनाको लागि परिस्थिति अति नै राम्रो थियो । यसले च्याङशीका एक दर्जन काउन्टीहरूलाई जितेको थियो । यसको अर्थ हो- त्यस प्रान्तको समस्त पश्चिमी भाग यसको नियन्त्रणमा थियो । धेरै कामरेडहरूले सर्वप्रथम नानचाङमा र त्यसपछि मात्र उहानमा आक्रमण गर्ने सुझाव दिनुभयो । महत्त्वपूर्ण नीति-निर्णय अत्यावश्यक भएको त्यस घडीमा अध्यक्ष माओले परिस्थितिमा परिवर्तन भएको लक्षण देखाउनुभयो । उहाँले युद्ध सरदारहरूबिचको युद्ध छिट्टै टुङ्गिन सकिने र लालसेनामाथि धावा बोल्न च्याङ-काई-शेकले आफ्नो शक्तिलाई एकत्रित पार्न सक्षम हुने तथ्यतिर ध्यान दिलाउनुभयो । अध्यक्ष माओले मात्र यस कठिन घडीलाई बुझ्नुभयो र चौ इसूलाई लालसेनाको तेस्रो सेना दललाई नानचाङ हमला गर्ने खतरा नमोल्न र छिट्टै पूर्वतिर हिँड्न, कायचिङ नदी पार गरी पुरानो आधार इलाका गई शत्रु सेनाले हमला गर्नासाथ त्यसलाई समाप्त पार्न अध्यक्ष माओले उत्साहित गर्नुभएको थियो । झन्डै महिना दिनको लामो छलफलपछि लालसेनाको तेस्रो सैनिक दलमा कामरेडहरू मञ्जुर हुनुभयो, उहाँहरूले आफ्ना सेनालाई पुरानो आधार इलाकातिर फर्काउनुभयो । मुख्यत: यस सही निर्णयले गर्दा नै लालसेनाले च्याङ-काई-शेकको पहिलो, दोस्रो र तेस्रो घेराबन्दी गर्ने र दमन गर्ने अभियानलाई चकनाचुर गर्न सक्षम भयो । सैनिकहरू यदि सोभियत क्षेत्रमा नफर्किई शत्रु अधीनस्थ क्षेत्रहरूमा लडाइँ लडेको भए सेनाले अति नै गम्भीर क्षतिहरू व्यहोर्नुपर्ने हुन्थ्यो ।

'शत्रुहरूलाई भित्रसम्म फसाउने' अध्यक्ष माओको सिद्धान्तबमोजिम १९३१ मा लालसेनाले च्याङशी प्रान्तमा प्रथम 'घेराबन्दी गर्ने र दमन गर्ने' अभियानलाई चकनाचुर गरिसकेपछि पार्टी केन्द्रीय समितिले सियाङ यिङ र अरूहरूलाई सोभियत क्षेत्रमा पठायो । सियाङ यिङलाई एकैसाथ केन्द्रीय व्युरोको सचिव र सैनिक समितिका अध्यक्षमा नियुक्त गऱ्यो । अध्यक्ष माओ सचिव हुनुभएको लालसेनाको प्रथम मोर्चा सेनाको मोर्चा समितिलाई भङ्ग गरियो । त्यसपछि शत्रुको 'घेराबन्दी गर्ने र दमन गर्ने' दोस्रो अभियान सुरु भयो । च्याङ काई शेकले आधार इलाकाको वरिपरि किल्लाहरू निर्माण गर्ने र एक-एक पाइला गर्दै यसलाई (आधार इलाकालाई) खत्तम गर्ने नीति लियो । युद्धको अनुभव नहुँदा सियाङ यिङ र अरू लालसेनाहरूले त्यस सोभियत क्षेत्रलाई छोड्नुपर्ने ठम्याइ राखे । त्यस घडीमा अध्यक्ष माओमात्र अगुवापन र सोभियत क्षेत्रलाई त्याग्ने ठम्याइको विरोधमा हुनुहुन्थ्यो र सेनाले आधार इलाकाभित्रै बसेर युद्ध गर्नुपर्ने ठम्याइ अगाडि बढाउनुभयो । यसले गर्दा एक महिना लामो विवाद छेडियो र यतिञ्जेलसम्ममा च्याङशी प्रान्तको फुथिन र टोङकुबिचको पहाडहरूमा शत्रुहरू आई किल्लाहरू निर्माण गर्न थालिसकेका थिए । यस्तो कठिन घडीमा अध्यक्ष माओले शत्रुमाथि जाई लाग्न एक निर्णायक आदेश दिनुभयो र एउटै दनकमा शत्रुका कैयौँ सैनिक दलहरू समाप्त पारियो । 'घेराबन्दी गर्ने र दमन गर्ने' अभियानको तेस्रो प्रतिरोधको बेलामा के गर्ने भन्नेबारेमा विवाद उत्पन्न भएन, निर्णायक व्यक्ति अध्यक्ष माओ नै हुनुहुन्थ्यो । विगतका दुई प्रतिरोध युद्धहरूले उहाँको प्रतिष्ठा खुबै बढेको थियो ।

**स्रोत: चीनबारे हाम्रो बुझाइ**

# थाइल्यान्ड–कम्बोडिया सीमा विवाद
# चीनको मध्यस्थता प्रयास



हङकङ, २९ डिसेम्बर (एपी)। चीनले दक्षिणपूर्व एसियाली कूटनीतिमा आफ्नो भूमिका थप बलियो बनाउने प्रयासस्वरूप कम्बोडिया र थाइल्यान्डका विदेशमन्त्रीहरूसँग सोमबार त्रिपक्षीय बैठक गरेको छ। पेइचिङले दुई छिमेकी मुलुकबिच जारी हिंसात्मक सीमा विवादमा आफूलाई प्रभावकारी मध्यस्थकर्ताका रूपमा स्थापित गर्न खोजिरहेको सन्देश यस भेटघाटले दिएको छ।

विवादित सीमाको उत्तरतर्फ पर्ने चीनको दक्षिणपश्चिमी प्रान्त युनानमा सम्पन्न यो बैठक थाइल्यान्ड र कम्बोडियाले हप्तौँको लडाइँ अन्त्य गर्न नयाँ युद्धविराम सम्झौतामा हस्ताक्षर गरेको दुई दिनपछि भएको हो। ती झडपमा १०० भन्दा बढी व्यक्तिको ज्यान गएको थियो भने लाखौँ मानिस विस्थापित हुन बाध्य भएका थिए।

चिनियाँ विदेशमन्त्री वाङ यीले बैठकमा क्षेत्रीय शान्ति, स्थिरता र विकासका लागि संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो। उहाँले युद्ध फेरि भड्कन दिनु दुई देशका जनताको चाहना नभएको र मित्र राष्ट्रका रूपमा चीनले पनि यस्तो अवस्था नचाहेको स्पष्ट पार्दै भविष्यतर्फ ध्यान केन्द्रित गरेर अगाडि बढ्न आग्रह गर्नुभयो।

यो बैठक चिनियाँ राजधानी पेइचिङभन्दा करिब एक हजार ३०० माइल दक्षिणमा, विवाद नजिकै आयोजना हुनु आफैँमा अर्थपूर्ण मानिएको छ। यसले चीन क्षेत्रीय सङ्कटहरूमा प्रत्यक्ष रूपमा संलग्न हुन चाहेको सङ्केत दिएको विश्लेषण गरिएको छ।

चिनियाँ दोभाषेका अनुसार कम्बोडियाका विदेशमन्त्री प्राक सोखोन्नले पछिल्लो युद्धविराम दीगो हुने विश्वास व्यक्त गर्नुभयो र दुवै देशबिच सम्बन्ध सुधार तथा मतभेद समाधानका लागि पहिले सहमति भएका संयन्त्रहरू पुनः सक्रिय हुने वातावरण बन्ने अपेक्षा गर्नुभयो। थाइल्यान्डका विदेशमन्त्री सिहासाक फुआङकेटकोलले पनि छिमेकी मुलुकसँग शान्तिपूर्ण सहअस्तित्वको आशा व्यक्त गर्नुभएको बताइएको छ।

थाई विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा चीनले स्वेच्छाले शान्ति समर्थन गर्ने मञ्च प्रदान गरेको र थाइल्यान्डले सम्बन्ध सुधार चरणबद्धरूपमा अघि बढाउने आफ्नो अडान दोहोर्‍याएको जनाएको छ। विज्ञप्तिअनुसार ७२ घण्टाको युद्धविराम अवलोकनपछि थाइल्यान्डले १८ जना सैनिकको रिहाइबारे विचार गर्नेछ भने कम्बोडियाले सीमाबाट थाई नागरिकको सुरक्षित फिर्ती सहज बनाउने पहल गर्नेछ।

यसअघि शनिबार भएको सम्झौताले जुलाईयता बन्दी बनाइएका कम्बोडियाली सैनिकहरूको रिहाइको माग सम्बोधन गरेको छ, जुन कम्बोडियाको प्रमुख शर्त थियो। सम्झौतामा दुवै पक्षलाई बारुदी सुरुङसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गर्न पनि आह्वान गरिएको छ, जुन थाइल्यान्डको महत्त्वपूर्ण चिन्ताको विषय रहँदै आएको छ।

चीनले पछिल्ला वर्षहरूमा आफूलाई अन्तर्राष्ट्रिय मध्यस्थकर्ताका रूपमा प्रस्तुत गर्दै आएको छ। एसियालगायत क्षेत्रीय सङ्कटहरूमा प्रभाव बढाउने उद्देश्यसहित पेइचिङले कूटनीतिक गतिविधि तीव्र बनाएको देखिन्छ।

यसैबिच, कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले सोमबार सीमामा तैनाथ सबै कम्बोडियाली लडाकूहरूलाई सम्बोधन गर्दै दीर्घकालीन युद्धबाट सानो मुलुकले लाभ नपाउने धारणा व्यक्त गर्नुभएको छ। उहाँले लड्ने क्षमता हुँदाहुँदै पनि दीर्घ द्वन्द्वले देशलाई फाइदा नदिने स्पष्ट पार्नुभएको छ।

# चीनले डिजिटल युआन कार्ययोजना सुरु गर्ने

पेइचिङ, २९ डिसेम्बर (एएफपी)। चीनले जनवरी १ देखि आफ्नो डिजिटल मुद्राको व्यवस्थापन र सञ्चालनलाई सुदृढ बनाउन नयाँ 'कार्ययोजना' सुरु गर्ने घोषणा गरेको छ। देशको केन्द्रीय बैङ्क पिपुल्स बैङ्क अफ चाइना (पीबीओसी) का डेपुटी गभर्नर लु लेइले सोमबार यो जानकारी दिनुभएको हो।

केन्द्रीय बैङ्कअन्तर्गतको मिडिया आउटलेट फाइनान्सियल न्युजमा लेख्दै डेपुटी गभर्नर लुले भविष्यको डिजिटल युआन आधुनिक डिजिटल भुक्तानी तथा परिसंचरणको माध्यमका रूपमा विकसित गरिने बताउनुभएको छ। उहाँका अनुसार डिजिटल युआन वित्तीय प्रणालीभित्रै जारी र प्रसारित हुनेछ र यसले विद्यमान भुक्तानी संरचनालाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

उहाँले डिजिटल युआनको विकासमा अर्को महत्त्वपूर्ण चरणका रूपमा 'नयाँ पुस्ता' प्रणाली जनवरी १ बाट कार्यान्वयनमा आउने जानकारी दिनुभयो। उक्त प्रणालीले मापन ढाँचा, व्यवस्थापन संरचना, सञ्चालन संयन्त्र र समग्र इकोसिस्टमलाई समेट्नेछ। यसले डिजिटल युआनको प्रयोगलाई अझ व्यवस्थित र व्यापक बनाउने लक्ष्य लिएको छ।

घोषित कार्ययोजनाअन्तर्गत बैङ्कहरूले डिजिटल युआन खातामा ग्राहकहरूले राखेको मौज्दातमा ब्याज प्रदान गर्ने व्यवस्था गरिनेछ। यसलाई डिजिटल युआनको प्रयोग र स्वीकार्यता बढाउनका लागि महत्त्वपूर्ण प्रोत्साहनका रूपमा हेरिएको छ।

यस योजनामा साङ्घाईको पूर्वी वित्तीय केन्द्रमा अन्तर्राष्ट्रिय डिजिटल युआन सञ्चालन केन्द्र स्थापना गर्ने प्रस्ताव पनि समावेश गरिएको छ। यसले डिजिटल युआनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न र सीमापार भुक्तानीमा यसको प्रयोग बढाउन सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

विश्वभरका मौद्रिक अधिकारीहरूले पछिल्ला वर्षहरूमा मुद्रालाई डिजिटल बनाउने उपायहरू सक्रिय रूपमा खोजिरहेका छन्। कोभिड-१९ महामारीको समयमा अनलाइन तथा डिजिटल भुक्तानीमा आएको तीव्र वृद्धि र बिटक्वाइनजस्ता क्रिप्टोकरेन्सीहरूको बढ्दो लोकप्रियताले यस प्रक्रियालाई थप गति दिएको विश्लेषण गरिन्छ।

चीनको केन्द्रीय बैङ्क पिबिओसीले सन् २०१४ देखि नै डिजिटल मुद्रामा काम गर्दै आएको छ। यस अवधिमा उसले विभिन्न पाइलट परियोजनामार्फत 'डिजिटल युआन' वा 'ई-सिएनवाई' को प्रयोग परीक्षण गर्दै आएको छ।

हाल चीनभरका उपभोक्ताहरू मोबाइल र अनलाइन भुक्तानीमा अत्यधिक निर्भर भइसकेका छन्। तर डिजिटल युआनमार्फत केन्द्रीय बैङ्कले निजी प्रविधि कम्पनीहरूमा निर्भर नरही भुक्तानीसम्बन्धी डाटा र प्रणालीमा थप प्रत्यक्ष पहुँच र नियन्त्रण कायम गर्न सक्ने विश्वास गरिएको छ। यसले चीनको वित्तीय प्रणालीलाई अझ सुदृढ र केन्द्रीयकृत बनाउने दिशामा महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

# गाजामा आँधीका कारण जनजीवन जोखिममा

गाजा, १४ पुस (सिन्ह्वा)। गाजा क्षेत्रमा आएको भीषण आँधीबेहरीका कारण एक बालक र एक महिलाको ज्यान गएको छ। स्थानीय नागरिक सुरक्षा निकायका अनुसार सात वर्षीय बालक इनारमा खसेर मृत्यु भएका छन् भने करिब तीस वर्षीया महिलाको तेज हावा र भारी वर्षाका क्रममा ज्यान गएको हो।

आँधीबेहरीपछि उद्धार टोलीहरू पानीले भरिएका अस्थायी पालहरूमा खटिएर पानी निकासी र नाली सफा गर्ने काम गरिरहेका छन्। तर पर्याप्त स्रोत र उपकरणको अभावका कारण राहत कार्य प्रभावकारी रूपमा अघि बढ्न नसकेको जनाइएको छ।

अधिकारीहरूका अनुसार धेरै विस्थापित शिविरहरू हिलो र पानीले भरिएका छन्, जसले सर्वसाधारणलाई गम्भीर जोखिममा पारेको छ। आपतकालीन कक्षले तत्काल सुरक्षित आवासको आवश्यकता रहेको उल्लेख गर्दै कठोर मौसमका कारण कमजोर पालहरू नष्ट भएको र क्षतिग्रस्त घरहरू आंशिक रूपमा भत्किएको चेतावनी दिएको छ।

## विश्व सङ्क्षेप

# अन्तरिक्ष अनुसन्धानमा इरानको नयाँ कदम

तेहरान, २९ डिसेम्बर (सिन्ह्वा)। इरानले कृषि तथा वातावरणीय अध्ययनका लागि स्वदेशमै निर्माण गरिएका तीन उपग्रहलाई रुसबाट सफलतापूर्वक अन्तरिक्षमा प्रक्षेपण गरेको छ।

यस प्रक्षेपणले इरानको अन्तरिक्ष कार्यक्रम विस्तार हुँदै गएको सङ्केत दिएको छ। 'पायाँ' उपग्रह हालसम्मकै सबैभन्दा उन्नत स्वदेशी उपग्रह मानिन्छ, जसले जलस्रोत व्यवस्थापन, वातावरणीय अनुगमन तथा भू-नक्साङ्कनमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

'जफर-२' उपग्रह प्राकृतिक स्रोत, कृषि र विपद् व्यवस्थापनका लागि उपयोगी उच्चस्तरीय तस्बिर उपलब्ध गराउन सक्षम छ। 'कोसर-१' उपग्रहले पनि पृथ्वीको अवलोकन गरी कृषि, जलस्रोत तथा भूभाग अनुगमनमा महत्त्वपूर्ण योगदान दिने जनाइएको छ।

इरानी अधिकारीहरूले उपग्रह कार्यक्रम पूर्ण रूपमा शान्तिपूर्ण र नागरिक प्रयोजनका लागि मात्र सञ्चालन गरिएको स्पष्ट पारेका छन्।

# इन्डोनेसियाको नर्सिङ होममा आगलागी, १६ जनाको मृत्यु

जकार्ता, २९ डिसेम्बर (एएफपी)। इन्डोनेसियाको सुलावेसी टापूको मानाडो सहरमा रहेको एक नर्सिङ होममा आगलागी हुँदा १६ जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। स्थानीय दमकल विभागका प्रमुख जिमी रोतिन्सुलुले आगलागी आइतबार राति करिब ८:३० बजे सुरु भएको र धेरै वृद्ध बासिन्दा आफ्नो कोठामा विश्राम गरिरहेका बेला घटना भएको बताउनुभयो।

उद्धार टोलीले १२ जनालाई सुरक्षित उद्धार गरी स्थानीय अस्पतालमा पठाएको छ। स्थानीय सञ्चार माध्यमले देखाएको भिडियोमा आगोले भवनलाई व्यापक रूपमा ढाकेको देखिन्छ र स्थानीयहरूले वृद्ध बासिन्दालाई बाहिर निकाल्न प्रयास गरेका थिए। अधिकारीहरूले मृतकहरूको पहिचान प्रक्रिया सुरु गरेको बताएका छन् भने परिवारसँग समन्वय गरी थप विवरण सार्वजनिक गरिने बताइएको छ। इन्डोनेसियामा पछिल्लो समय आगलागी घटनाहरू बढिरहेका छन्; यसै महिनामा राजधानी जकार्तामा सात तले कार्यालय भवनमा आगो लाग्दा कम्तीमा २२ जनाको मृत्यु भएको थियो भने सन् २०२३ मा निकेल प्रशोधन कारखानामा विस्फोट हुँदा १२ जनाको मृत्यु भएको थियो।

# रुसद्वारा ५२ उपग्रहको सफल प्रक्षेपण

भ्लाडिभोस्टक, १४ पुस ( सिन्ह्वा)। रूसको अन्तरिक्ष निकाय रोस्कोसमोसका अनुसार सोमबार सोयुज रकेटमार्फत ५२ वटा उपग्रह सफलतापूर्वक आफ्नो निर्धारित कक्षमा प्रक्षेपित भएका छन्।

रकेट प्रक्षेपण आइतबार दिउँसो भोस्तोच्नी अन्तरिक्ष स्थल, आमुर प्रदेशमा सम्पन्न भएको थियो। यस प्रक्षेपणमा दुईवटा 'ऐस्ट-२टी' उपग्रह र ५० अन्य उपग्रहहरू समावेश थिए। रकेटले उपग्रहहरू पृथ्वीको कक्षमा पठाउन करिब पाँच घण्टा समय खर्च गरेको रोस्कोसमोसले जनाएको छ। यी उपग्रहहरू कम्तीमा पाँच वर्षसम्म सक्रिय रूपमा कार्य गर्नेछन् र विभिन्न उद्देश्यका लागि प्रयोग हुनेछन्।

'ऐस्ट-२टी' उपग्रह रूसले विकास गरेको पृथ्वी अवलोकनका लागि तयार गरिएको उन्नत वैज्ञानिक उपग्रह हो, जसको मुख्य उद्देश्य पृथ्वीको सतहलाई उच्च स्पष्टताका साथ अवलोकन गर्नु र प्राकृतिक तथा वातावरणीय परिवर्तनको सूक्ष्म अध्ययन गर्नु हो। यस उपग्रहले पृथ्वीका भू-भाग, वन क्षेत्र, नदी प्रणाली, पहाड, सहर तथा ग्रामीण क्षेत्रको विस्तृत त्रि-आयामी तस्बिर सङ्कलन गर्न सक्षम प्रविधि प्रयोग गर्छ, जसका आधारमा वैज्ञानिकहरूले सटीक डिजिटल नक्सा र मोडेल तयार गर्न सक्छन्। ऐस्ट-२टी उपग्रह विशेष गरी जङ्गलमा लाग्ने आगलागी, बाढी, पहिरो, सुख्खा जस्ता प्राकृतिक विपद्को समयमै पहिचान र निगरानीका लागि उपयोगी मानिन्छ। यसले वातावरणीय परिवर्तन, भूमिको प्रयोगमा आएको रूपान्तरण र प्राकृतिक स्रोतको अवस्थाबारे दीर्घकालीन तथ्याङ्क सङ्कलन गर्न सहयोग पुर्‍याउँछ। कम्तीमा पाँच वर्षसम्म सक्रिय रूपमा सञ्चालन हुने यो उपग्रहबाट प्राप्त जानकारी वैज्ञानिक अनुसन्धान, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा योजनागत विकासमा महत्त्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ।

उपग्रहहरूको मुख्य प्रयोगमा पृथ्वीको निगरानी, वातावरणीय अध्ययन, विद्युतचुम्बकीय विकिरणको अनुसन्धान, विश्वव्यापी जलपोत अनुगमन र सञ्जाल उपकरणबाट सङ्केत प्राप्त गर्ने कार्य समावेश छन्। यसले वैज्ञानिक तथा प्राविधिकहरूले पृथ्वीको अवस्था र प्राकृतिक विपदहरूको प्रभावकारी निगरानी गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

विशेष गरी दुई 'ऐस्ट-२टी' उपग्रहहरूले पृथ्वीको तस्वीरहरू खिच्नेछन्, जसबाट वैज्ञानिकहरूले सटीक डिजिटल मोडेल तयार पार्न, भू-भागको अध्ययन गर्न, जङ्गलको आगो, बाढी र अन्य प्राकृतिक विपद्को निगरानी गर्न सहज हुनेछ। यसरी सङ्कलित तथ्याङ्कले आपतकालीन व्यवस्थापनमा पनि सहयोग पुर्‍याउनेछ।

रोस्कोसमोसका अधिकारीहरूले यस प्रक्षेपणले रूसको अन्तरिक्ष अनुसन्धान र निगरानी क्षमतामा ठूलो योगदान पुर्‍याउने भनेका छन्। आगामी वर्षहरूमा यी उपग्रहहरूको डेटा वैज्ञानिक अनुसन्धान, वातावरणीय अध्ययन र मानव जीवनसँग सम्बन्धित विभिन्न परियोजनामा प्रयोग हुने बताइएको छ।

# द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद : स्तालिन

कम्युनिस्ट आन्दोलनका महान् गुरु जोसेफ स्तालिनको कृति ‘द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद’ सन् १९३८ मा प्रकाशित भएको थियो । खासमा यो रुसी कम्युनिस्टहरूको विश्व प्रसिद्ध पाठ्यपुस्तक ‘सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्शेभिक) को सङ्क्षिप्त इतिहास” कै अंश हो । यहाँ हामी यही रचनाको सारसङ्क्षेप प्रस्तुत गर्छौं ।

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी-लेनिनवादी पार्टीको विश्व दृष्टिकोण हो । यसको दृष्टिकोणलाई द्वन्द्वात्मक भनिन्छ । किनभने, यसले प्रकृतिका घटनाहरूलाई अन्तरसम्बन्धित, निरन्तर गतिमा रहेको र आन्तरिक अन्तर्विरोधहरूद्वारा सञ्चालित मान्छ । द्वन्द्वात्मक नियमअनुसार मात्रात्मक परिवर्तनले गुणात्मक छलाङ ल्याउँछ । द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त भौतिकवादी हो । किनभने, यसले पदार्थलाई प्राथमिक र चेतनालाई त्यसको प्रतिबिम्बको रूपमा दोस्रो मान्छ । यसले भौतिक संसारलाई हाम्रो चेतनाभन्दा बाहिर र स्वतन्त्र रूपमा अस्तित्वमा रहने वस्तुगत यथार्थको रूपमा स्वीकार गर्छ ।

ऐतिहासिक भौतिकवादले सामाजिक जीवनको अध्ययन गर्न यी सिद्धान्तको प्रयोग गर्छ । यसले समाज विकासको अन्तिम निर्धारक शक्ति भनेर समाजको भौतिक जीवनका अवस्थाहरू, विशेषगरी उत्पादनको तरिका (mode of production) लाई मान्छ । उत्पादनको तरिकाभित्र उत्पादक शक्ति र उत्पादन सम्बन्ध पर्छन् । उत्पादक शक्ति भन्नाले औजार, मानिस र उनीहरूको सीप बुझिन्छ । उत्पादन सम्बन्ध भन्नाले उत्पादन प्रक्रियामा मानिसहरूबिचको सम्बन्ध, विशेषगरी उत्पादनका साधनहरूको स्वामित्व पर्छ । उत्पादक शक्तिहरू विकसित हुँदै जाँदा विद्यमान उत्पादन सम्बन्धसँग बाझिन्छन् । तब, सामाजिक क्रान्तिको युग सुरु हुन्छ । क्रान्तिले पुरानो सामाजिक व्यवस्थालाई नयाँले प्रतिस्थापन गर्छ । यो प्रक्रिया सुरुमा स्वत:स्फूर्त अघि बढ्छ । तर, अन्तत: यसलाई समाधान गर्न नयाँ वर्गहरूको सचेत, क्रान्तिकारी गतिविधि आवश्यक पर्छ ।

**द्वन्द्वात्मक भौतिकवादको परिचय**

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी-लेनिनवादी पार्टीको विश्व दृष्टिकोण हो । यसको विधि द्वन्द्वात्मक छ र सिद्धान्त भौतिकवादी छ । यसको सिद्धान्तलाई सामाजिक जीवन, समाज र यसको इतिहासको अध्ययनमा लागु गर्नु नै ऐतिहासिक भौतिकवाद हो ।

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले द्वन्द्वात्मक विधिको वर्णन गर्दा हेगेललाई द्वन्द्ववादका मुख्य विशेषताहरू सूत्रबद्ध गर्ने दार्शनिकको रूपमा उल्लेख गर्नुभयो । तर, उहाँहरूले हेगेलको द्वन्द्ववादबाट केवल यसको ‘तार्किक सार’ लिनुभयो र यसको आदर्शवादी खोललाई फ्याँकिदिनुभयो । मार्क्सले भन्नुभएको छ :

“मेरो द्वन्द्वात्मक विधि हेगेलको भन्दा फरक मात्र होइन, यो त्यसको ठीक उल्टो हो... मेरो विचारमा, यसको विपरीत, विचार मानव मनद्वारा प्रतिबिम्बित र विचारका रूपहरूमा अनुवादित भौतिक संसारबाहेक अरू केही होइन ।”

त्यसैगरी, आफ्नो भौतिकवादको वर्णन गर्दा मार्क्स र एङ्गेल्सले फायरबाखलाई भौतिकवादलाई पुनर्स्थापित गर्ने दार्शनिकको रूपमा उल्लेख गर्नुभयो । तर, उहाँहरूले फायरबाखको भौतिकवादबाट यसको ‘भित्री सार’ मात्र लिनुभयो र यसको आदर्शवादी र धार्मिक-नैतिक बोझलाई फ्याँकिदिनुभयो ।

**मार्क्सवादी द्वन्द्वात्मक विधिको सिद्धान्त**

मार्क्सवादी द्वन्द्वात्मक विधिको मुख्य विशेषता निम्नानुसार छन् :

क) प्रकृतिको अन्तरसम्बन्धित र निर्धारित (Nature Connected and Determined) अध्यात्मवाद (metaphysics) को विपरीत, द्वन्द्ववादले प्रकृतिलाई वस्तुहरूको आकस्मिक थुप्रोको रूपमा होइन, बरु एक सम्बन्धित र अभिन्न समग्रताको रूपमा हेर्छ । द्वन्द्ववादले वस्तु र घटनाहरू एक-अर्कासँग जैविक रूपमा जोडिएका, निर्भर र निर्धारित हुन्छन् भन्छ । यसकारण, कुनै पनि घटनालाई वरपरका घटनाहरूबाट अलग गरेर बुझ्न सकिँदैन ।

ख) प्रकृति निरन्तर गति र परिवर्तनको अवस्था हो (Nature is a State of Continuous Motion and Change) द्वन्द्ववादले प्रकृतिलाई स्थिरता र अपरिवर्तनशीलताको अवस्थाको रूपमा होइन, बरु निरन्तर गति र परिवर्तन, निरन्तर नवीकरण र विकासको अवस्थाको रूपमा हेर्छ । केही कुरा सधैं उत्पन्न र विकसित भइरहेको हुन्छ र केही कुरा सधैं विघटन र मर्दै गइरहेको हुन्छ । एङ्गेल्सका अनुसार :

“सम्पूर्ण प्रकृति, सबैभन्दा सानो वस्तुदेखि सबैभन्दा ठुलोसम्म, बालुवाको कणदेखि सूर्यसम्म, प्रोटिस्टादेखि मानिससम्म, शाश्वत बन्ने र समाप्त हुने प्रक्रियामा, निरन्तर प्रवाहमा, अथक गति र परिवर्तनमा अस्तित्वमा रहन्छन् ।”

ग) मात्रात्मक परिवर्तनबाट गुणात्मक परिवर्तन (Quantitative Change Leads to Qualitative Change)

द्वन्द्ववादले विकासको प्रक्रियालाई सामान्य वृद्धिको प्रक्रियाको रूपमा हेर्दैन । बरु, यस्तो विकासको रूपमा हेर्छ जहाँ नगण्य र अदृश्य मात्रात्मक परिवर्तनहरू खुला, आधारभूत परिवर्तन अर्थात् गुणात्मक परिवर्तनमा सङ्क्रमित हुन्छन् । गुणात्मक परिवर्तनहरू क्रमश: होइन, बरु छिटो र एक्कासि, एक अवस्थाबाट अर्को अवस्थामा छलाङको रूपमा हुन्छन् । एङ्गेल्सले भौतिकशास्त्र र रसायनशास्त्रका उदाहरण दिँदै यसलाई स्पष्ट पार्नुभएको छ । जस्तो - पानी निश्चित तापक्रममा पुगेपछि बाफ वा बरफमा परिणत हुनु गुणात्मक परिवर्तन हो ।

घ) प्रकृतिमा अन्तरनिहित अन्तर्विरोधहरू (Contradictions Inherent in Nature)


द्वन्द्ववादअनुसार सबै वस्तु र प्रकृतिमा हुने घटनामा आन्तरिक अन्तर्विरोध निहित हुन्छ । तिनीहरूमा सबैको नकारात्मक र सकारात्मक पक्ष, विगत र भविष्य, केही मर्दै गएको र केही विकसित हुँदै गरेका दुई विपरीत पक्षहरू पाइन्छ । यी विपरीत पक्षबिचको सङ्घर्षले नै विकास प्रक्रियाको अन्तर्य निर्माण गर्छ र मात्रात्मक परिवर्तनलाई गुणात्मक परिवर्तनमा बदल्ने आधार निर्माण गर्छ । लेनिनले भन्नुभयो :

“विकास विपरीतहरूको ‘सङ्घर्ष’ हो ।”

**सामाजिक जीवनमा द्वन्द्वात्मक विधिको प्रयोग**

यी सिद्धान्तलाई समाजको इतिहासमा लागु गरेर हेर्दा केही अत्यन्त महत्त्वपूर्ण निष्कर्ष निस्किन्छन् :




- **कुनै पनि सामाजिक व्यवस्था शाश्वत हुँदैन :** संसार निरन्तर परिवर्तनशील छ भने, कुनै पनि सामाजिक व्यवस्था, निजी सम्पत्ति र शोषणको ‘शाश्वत सिद्धान्त’ हुन सक्दैनन् । त्यसैले, पुँजीवादी व्यवस्थालाई समाजवादी व्यवस्थाले प्रतिस्थापन गर्न सक्छ ।
- **नीतिको आधार :** नीति निर्धारण गर्दा त्यो नीति विकासशील वर्गमा आधारित हुनुपर्छ । हाल जतिसुकै शक्ति बलशाली भए पनि विकसित नभइरहेको वर्गमा कुनै पनि नीति आधारित हुनुहुँदैन ।
- **क्रान्तिको अनिवार्यता :** मात्रात्मक परिवर्तनले गुणात्मक छलाङ निम्त्याउँछ भने उत्पीडित वर्गले गर्ने क्रान्तिहरू स्वाभाविक र अपरिहार्य घटना हुन् । पुँजीवादबाट समाजवादमा सङ्क्रमण सुधारमार्फत होइन, क्रान्तिद्वारा मात्र सम्भव छ ।
- **वर्गसङ्घर्षको अपरिहार्यता :** विकास आन्तरिक अन्तर्विरोधको खुलासामार्फत हुन्छ भने सर्वहारावर्गले गर्ने वर्गसङ्घर्ष एक स्वाभाविक र अपरिहार्य घटना हो । यसलाई दबाउनुको सट्टा यसलाई टुङ्गोमा पुर्‍याउनुपर्छ ।

**मार्क्सवादी दार्शनिक भौतिकवाद**

मार्क्सवादी दार्शनिक भौतिकवादका मुख्य विशेषता यस्ता छन् :

क) भौतिकवादी विश्व दृष्टिकोण (Materialist Worldview)

आदर्शवादले संसारलाई ‘निरपेक्ष विचार’ वा ‘विश्व आत्मा’ को मूर्तरूप मान्छ । यसको विपरीत मार्क्सवादी भौतिकवादले संसारलाई यसको प्रकृतिले नै भौतिक मान्छ । संसारका विविध घटना गतिशील पदार्थका विभिन्न रूप हुन् । संसार पदार्थमा हुने गतिको नियमअनुसार विकसित हुन्छ । यसलाई कुनै ‘विश्व आत्मा’ को आवश्यकता पर्दैन ।

ख) वस्तुगत यथार्थ (Objective Reality)

आदर्शवादले हाम्रो चेतना मात्र वास्तविक रूपमा अस्तित्वमा रहेको दाबी गर्छ । तर, मार्क्सवादी भौतिकवादले पदार्थ, प्रकृति र अस्तित्वलाई हाम्रो चेतनाभन्दा बाहिर र स्वतन्त्र रूपमा अस्तित्वमा रहेको वस्तुगत यथार्थ मान्छ । पदार्थ प्राथमिक हो र चेतना दोस्रो, तद्जन्य हो, किनभने यो पदार्थको प्रतिबिम्ब मात्र हो । मार्क्सले भन्नुभयो :

“पदार्थबाट विचारलाई अलग गर्न असम्भव छ । पदार्थ सबै परिवर्तनको विषयवस्तु हो ।”

ग) विश्व र यसका नियमहरू बोधगम्य छन् (The World and its Laws are Knowable) आदर्शवादले संसार र यसका नियमहरूलाई जान्ने सम्भावनालाई नै मार्छ । तर, मार्क्सवादी भौतिकवादले संसार र यसका नियमहरू पूर्ण रूपमा जान्न सकिने कुरामा जोड दिन्छ । विज्ञान र अभ्यासद्वारा परीक्षण र प्रमाणित गरिएका प्रकृतिका नियमहरू नै प्रामाणिक ज्ञान हुन् । यिनलाई वस्तुगत सत्य मान्नुपर्छ ।

**सामाजिक जीवनमा दार्शनिक भौतिकवादको प्रयोग**

यी सिद्धान्तलाई सामाजिक जीवनमा लागु गर्दा निम्न निष्कर्ष निस्कन्छन् :

- **इतिहास एक विज्ञान हो :** समाजको जीवन र इतिहास आकस्मिक घटनाहरूको थुप्रो होइन, बरु नियमित नियमअनुसार समाजको विकास हुन्छ । तसर्थ, समाजिक इतिहासको अध्ययनलाई मार्क्सवादी भौतिकवादले एक विज्ञान बनाउँछ ।
- **भौतिक जीवनको प्रधानता :** समाजको भौतिक जीवन (सामाजिक अस्तित्व) प्राथमिक हो, र यसको आध्यात्मिक जीवन (सामाजिक चेतना) दोस्रो र तद्जन्य हो । समाजको आध्यात्मिक जीवनको स्रोत विचारहरूमा होइन, बरु समाजको भौतिक जीवनका अवस्थाहरूमा खोज्नुपर्छ ।
- **विचारको भूमिका :** विचारहरू भौतिक जीवनका प्रतिबिम्ब हुन् । तर, यसको मतलब तिनीहरू महत्त्वहीन छन् भनेको होइन । जब नयाँ र उन्नत विचारले समाजको भौतिक जीवनको विकासका आवश्यकतालाई सही रूपमा प्रतिबिम्बित गर्छन् र जनतामाझ पुग्छन्, तिनीहरू एक शक्तिशाली भौतिक शक्ति बन्छन् ।

**ऐतिहासिक भौतिकवाद**

ऐतिहासिक भौतिकवादले समाजको भौतिक जीवनका अवस्थाहरूलाई समाजको स्वरूप निर्धारण गर्ने अन्तिम कारक मान्छ । तर, यी अवस्थाहरू के हुन् ?

- **भौगोलिक वातावरण र जनसङ्ख्या वृद्धि :** भौगोलिक वातावरण र जनसङ्ख्या वृद्धि समाजको विकासका लागि आवश्यक र प्रभावकारी अवस्थाहरू हुन् । तर, तिनीहरू निर्धारक शक्ति होइनन् । समाज परिवर्तनको गति भौगोलिक वातावरणको परिवर्तनभन्दा अतुलनीय रूपमा तीव्र हुन्छ । उच्च जनसङ्ख्या घनत्वले सधैं उच्च प्रकारको सामाजिक प्रणाली जन्माउँदैन ।

**क) समाज विकासको मुख्य निर्धारक शक्ति**

समाजको स्वरूप र विकासलाई निर्धारण गर्ने मुख्य शक्ति भनेको मानव अस्तित्वका लागि आवश्यक जीवनका साधनहरू प्राप्त गर्ने विधि हो । अर्थात्, उत्पादनको तरिका (mode of production) हो । उत्पादनको तरिकामा दुई पक्ष हुन्छन् :

१. उत्पादक शक्ति (Productive Forces) : यसमा उत्पादनका औजारहरू र उत्पादन सञ्चालन गर्ने (उत्पादन अनुभव र श्रम कौशलयुक्त) मानिस पर्छन् ।

२. उत्पादन सम्बन्ध (Relations of Production) : यो उत्पादन प्रक्रियामा मानिसहरूबिच हुने सम्बन्ध हो । यसले उत्पादनका साधनहरू (जमिन, जङ्गल, औजार आदि) कसको स्वामित्वमा छ भन्ने प्रश्नको जवाफ दिन्छ ।

**ख) उत्पादनका विशेषताहरू**

**पहिलो विशेषता :** उत्पादन कहिल्यै एकै ठाउँमा रहँदैन र सधैं परिवर्तन र विकासको अवस्थामा हुन्छ । उत्पादनको तरिकामा हुने परिवर्तनले अनिवार्य रूपमा सम्पूर्ण सामाजिक प्रणाली, सामाजिक विचार र राजनीतिक संस्थाहरूमा परिवर्तन ल्याउँछ । सरल शब्दमा भन्नुपर्दा, मानिसको जीवन जिउने तरिका जस्तो हुन्छ, उसको सोच्ने तरिका पनि त्यस्तै हुन्छ ।

**दोस्रो विशेषता :** उत्पादनमा परिवर्तन र विकास सधैं उत्पादक शक्तिहरू र खासगरी उत्पादनका औजारहरूमा हुने परिवर्तन र विकासबाट सुरु हुन्छ । उत्पादक शक्तिहरू उत्पादनको सबैभन्दा गतिशील र क्रान्तिकारी तत्त्व हुन् । त्यसपछि, यी परिवर्तनहरूमा निर्भर रहेर र तिनीहरूसँग अनुरूप हुने गरी मानिसहरूको उत्पादन सम्बन्ध परिवर्तन हुन्छ । जब उत्पादन सम्बन्धहरू उत्पादक शक्तिहरूको विकासमा बाधक बन्छन्, तब आर्थिक सङ्कट र सामाजिक क्रान्तिको आधार तयार हुन्छ । मानव इतिहासमा उत्पादन सम्बन्धका पाँच मुख्य प्रकार छन् :

| उत्पादन सम्बन्धको प्रकार | स्वामित्वको आधार | उत्पादक शक्तिहरूको अवस्था |
|---|---|---|
| आदिम साम्यवादी | उत्पादनका साधनहरूमा सामाजिक स्वामित्व । | ढुङ्गाका औजार, धनुष-वाण । व्यक्तिगत रूपमा प्रकृतिसँग लड्न असम्भव थियो । |
| दास | मालिकले उत्पादनका साधन र श्रमिक (दास) दुवैको स्वामित्व राख्छ । | धातुका औजार, पशुपालन, खेतीपाती, हस्तकलाको विकास । |
| सामन्ती | सामन्तले उत्पादनका साधनहरूको स्वामित्व राख्छ तर श्रमिक (भूदास) लाई पूर्ण रूपमा राख्दैन । | फलाम गलाउने काममा सुधार, फलामको हलो, तान, कारखानाको उदय । |
| पुँजीवादी | पुँजीपतिले उत्पादनका साधनहरूको स्वामित्व राख्छ तर श्रमिक (मजदुर) को राख्दैन । | ठुला मिल र कारखाना, मेसिनरी, वैज्ञानिक खेती । |
| समाजवादी | उत्पादनका साधनहरूमा सामाजिक स्वामित्व । शोषक र शोषित हुँदैनन् । | उत्पादन प्रक्रियाको सामाजिक चरित्रलाई उत्पादनका साधनहरूको सामाजिक स्वामित्वद्वारा सुदृढ गरिन्छ । |

**तेस्रो विशेषता :** नयाँ उत्पादक शक्तिहरू र तद्नुरूप नयाँ उत्पादन सम्बन्धहरूको उदय पुरानो प्रणालीभन्दा बाहिर होइन बरु पुरानो प्रणालीभित्रै हुन्छ । यो प्रक्रिया मानिसको सचेत गतिविधिका कारण नभई स्वत:स्फूर्त, अचेतन र मानिसको इच्छाबाट स्वतन्त्र रूपमा हुन्छ । तर, जब नयाँ उत्पादक शक्तिहरू परिपक्व हुन्छन्, विद्यमान उत्पादन सम्बन्धहरू र तिनका पक्षधरहरू (शासक वर्ग) बाधक बन्छन् । यो बाधालाई नयाँ वर्गहरूको सचेत र सबल कार्य अथवा क्रान्तिद्वारा मात्र हटाउन सकिन्छ । स्वत:स्फूर्त विकास प्रक्रियाले मानिसको सचेत कार्यलाई निकास दिन्छ, शान्तिपूर्ण विकासले हिंसात्मक उलटपुलटलाई निकास दिन्छ भने विकासले क्रान्तिलाई निकास दिन्छ ।

**ग) ऐतिहासिक भौतिकवादको सार**

मार्क्सले सन् १८५९ मा आफ्नो पुस्तक ‘राजनीतिक अर्थशास्त्रको आलोचना’ (A Contribution to the Critique या Political Economy) को भूमिकामा ऐतिहासिक भौतिकवादको सारलाई यसरी प्रस्तुत गर्नुभएको छ :

“आफ्नो जीवनको सामाजिक उत्पादनमा मानिसहरूले निश्चित सम्बन्ध कायम गर्छन् र यी सम्बन्ध अपरिहार्य र उनीहरूको इच्छाबाट स्वतन्त्र हुन्छन् । यी उत्पादन सम्बन्धहरू उनीहरूका भौतिक उत्पादक शक्तिहरूको विकासको एक निश्चित चरणसँग मेल खान्छन् । यी उत्पादन सम्बन्धहरूको कुल योगले समाजको आर्थिक संरचना, वास्तविक आधार निर्माण गर्छ । यसैमाथि कानुनी र राजनीतिक अधिरचना खडा हुन्छ र यसैअनुरूप सामाजिक चेतनाका निश्चित खालको सामाजिक चेतना देखापर्छ । भौतिक जीवनको उत्पादनको तरिकाले सामान्य रूपमा सामाजिक, राजनीतिक र बौद्धिक जीवन प्रक्रिया निर्धारित गर्छ । मानिसहरूको चेतनाले उनीहरूको अस्तित्व निर्धारण गर्दैन बरु उनीहरूको सामाजिक अस्तित्वले उनीहरूको चेतना निर्धारण गर्छ । उनीहरूको विकासको एक निश्चित चरणमा, समाजका भौतिक उत्पादक शक्तिहरू विद्यमान उत्पादन सम्बन्धसँग द्वन्द्वमा उत्रिन्छन् ।... उत्पादक शक्तिहरूको विकासका लागि यी सम्बन्धहरू बन्धनमा परिणत हुन्छन् । तब सामाजिक क्रान्तिको युग सुरु हुन्छ ।”

# प्रजग कोरियाद्वारा क्रुज मिसाइल परीक्षण



प्योङयाङ, १४ पुस (एपी)। प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले सोमबार समुद्रतर्फ लामो दूरीको रणनीतिक क्रुज मिसाइल प्रहार गरेको छ। देशको आणविक प्रतिरोध क्षमताको परीक्षणको रूपमा गरिएको यो प्रक्षेपण प्रजग कोरियाले पहिलो आणविक-सञ्चालित पनडुब्बी निर्माणमा प्रगति देखाएको केही दिनपछि सार्वजनिक भएको हो।

प्रजग कोरियाली सञ्चारमाध्यमका अनुसार आइतबार पश्चिमी तटबाट गरिएको प्रक्षेपणमा सर्वोच्च नेता किम जोङउनले 'ठुलो सन्तुष्टि' व्यक्त गर्नुभएको छ। उहाँले आणविक प्रतिरोधको विश्वसनीयता परीक्षण गर्नु र यसको शक्ति प्रदर्शन गर्नु बाह्य सुरक्षा खतराको सामना गर्न आत्मरक्षा तथा युद्ध प्रतिरोधको अधिकारअन्तर्गत गरिएको बताउनुभएको छ।

यो प्रक्षेपण प्रजग कोरियाले आगामी वर्षको सुरुमा हुने सत्तारुढ वर्कर्स पार्टीको महत्त्वपूर्ण सम्मेलन अघि गरेको पछिल्लो हतियार प्रदर्शन हो। सो सम्मेलनमा किमले अमेरिकासँगको सम्बन्धमा नयाँ प्राथमिकता निर्धारण गर्ने र लामो समयदेखि ठप्प रहेको वार्ताबारे वासिङटनको प्रस्तावप्रति प्रजग कोरियाको धारणा स्पष्ट पार्ने अपेक्षा गरिएको छ।

गत हप्ता उत्तर कोरियाले नयाँ एन्टी-एयर मिसाइलहरूको परीक्षण गर्नुका साथै विकासशील आणविक-सञ्चालित पनडुब्बीको झण्डै पूर्ण हुल देखाउने तस्बिर सार्वजनिक गरेको थियो। प्रजग कोरियाले उक्त पनडुब्बीलाई आणविक क्षेप्यास्त्रले सुसज्जित गर्ने सङ्केत दिएको छ। यस्तो पनडुब्बी किमले अमेरिकी नेतृत्वमा रहेको सुरक्षा खतराको सामना गर्न विकास गर्ने वाचा गर्नुभएको परिष्कृत हतियार प्रणालीमध्ये एक हो।

केही विज्ञहरूका अनुसार युक्रेन युद्धमा रुसलाई समर्थन गर्दै हजारौँ सैनिक र सैन्य सामग्री पठाएको प्रजग कोरियाले बदलामा महत्त्वपूर्ण प्रविधि सहयोग प्राप्त गरेको हुनसक्छ।

# सीमित सूचना र पहुँचको भरमा पत्रकारिता गर्न बाध्य अफगान पत्रकारहरू

काबुल (अफगानिस्तान), १४ पुस (एएनआई)। काबुलका पत्रकारहरूलाई उद्दृत गर्दै टोलो न्यूजले अफगानका पत्रकारहरूले सीमित जानकारी न्यून पहुँचको आधारमा सूचना प्रवाह गर्नुपर्ने बाध्यता रहेको बताएको छ। उनीहरूले सीमित सुचना र पहुचको कारण प्रवाकारी सूचना प्रवाहमा कठिनाइ आएको भन्दै चिन्तासमेत गरेका टोलो न्युजले जनाएको छ।

उनीहरूले विगत एक वर्षमा सूचना प्राप्त गर्नमा ढिलाइ, मिडिया कानूनको अभाव र आर्थिक कठिनाइहरूजस्ता चुनौतीहरूको सामना गरेको जनाएका छन्।

पत्रकार जबिहुल्लाह सरिफीलाई उदृत गर्दै टोलो न्यूजले अफगानिस्तानका पत्रकारहरूले सूचनाको पहुँचको अभाव र आर्थिक चुनौतीहरूसहित धेरै समस्याहरूको सामना गरिरहेको जनाएको छ। पत्रकार मोहम्मद मोहम्मदीले टोलो न्यूजलाई "पत्रकारहरूले सूचनाको पहुँच र मिडिया कानूनको कार्यान्वयन गर्न आह्वान गरिरहेको बताउनुभएको छ।

अफगान पत्रकारहरूको सङ्गठनले आफ्नो वार्षिक प्रतिवेदनमा सन् २०२५ मा पत्रकारको अधिकार उल्लङ्घनमा १८ वृद्धि भएको जनाएको छ।

अफगान पत्रकार सुरक्षा समितिले भने सन् २०२४ को तुलनामा सन् २०२५ पत्रकारका सुधार भएको बताएको छ। समितिका अनुसार सरकारी संस्था र पत्रकारबीच समझदारी स्थापित भएको छ।

समितिका प्रमुख जामिल वेकारले टोलो न्यूजलाई सरकारी संस्था र मिडियाबिच समझदारी हुनुका साथै दृष्टिकोण परिवर्तन भएको बताउनुभएको छ। यद्यपि सूचना तथा संस्कृति मन्त्रालयले भने हालसम्म कुनै टिप्पणी नगरी पत्रकारहरूको समर्थनमा जोड दिएको जनाइएको छ।

धेरै पत्रकारहरूले टोलो न्यूजलाई जानकारीको पहुँचमा चुनौतीहरू अझै पनि बाँकी रहेको र यस क्षेत्रमा अझ बढी ध्यान दिन आवश्यक रहेको बताएका छन्।

सूचना तथा संस्कृति मन्त्रालय र सम्बन्धित संस्थाहरूलाई पत्रकारहरूसँग सधैँ सहयोग गर्न आह्वान गरेका छन् भने सूचनामा पहुँचका लागि पत्रकार र मिडियालाई समयमै जानकारी उपलब्ध गराउन आवश्यक रहेको बताएका छन्।

अफगानिस्तान पत्रकार युनियनले सूचनाको पहुँच सबै नागरिकहरूको अधिकार हो भन्ने कुरामा जोड दिँदै सूचनाले पारदर्शिता पनि सुनिश्चित गर्ने टोलो न्यूजले जनाएको छ।

# ललितपुरमा भेटघाट र छलफल

ललितपुर, १४ पुस। देशको समसामयिक राजनीतिक विषयमा नेपाल मजदुर किसान पार्टी ललितपुरले कार्यकर्ता भेटघाट र छलफल चालु राखेको छ।

यसैक्रममा शुक्रबार गोदावरी नगरपालिका वडा नं. ११ र १२ मा नेमकिपाप्रति आस्थावान स्थानीय बासिन्दाबिच छलफल सम्पन्न भयो।

छलफल कार्यक्रममा नेमकिपा ललितपुरका सदस्य विष्णुभक्त महर्जन र नेक्रामहिलासङ्घ केन्द्रीय समितिका सदस्य सुनकेसा शाहीले पार्टीको दृष्टिकोण, गतिविधि र समसामयिक विषयमा प्रस्ट पार्नुभएको थियो। त्यस्तै ललितपुर महानगरपालिका वडा नं. २७ मा पनि शुक्रबार भेटघाट र छलफल सम्पन्न भयो।

***काठमाडौँ...***

जोड दिई आफूले सिकेका ज्ञान अरुलाई बताउन सक्नुपर्ने भन्नुभयो।

वडा नं. ५ समितिका अध्यक्ष कृष्णहरि महर्जनको सभापतित्वमा भएको कार्यक्रममा नरमान महर्जन, हरिशरण श्रेष्ठ, शैलेश डंगोल, कासिनारायण डंगोल, कुलनारायण डंगोल, ममता महर्जन, अकल महर्जन र पूर्ण प्रजापतिले पनि बोल्नुभएको थियो।

***"सङ्घीयताको...***

तलब खुवाउने तर नियन्त्रण सङ्घ सरकारले गरिरहेको गलत भएको धारणा राख्दै उहाँले तलब खुवाउने र नियन्त्रण एकै ठाउँबाट हुनुपर्ने सामान्य मान्यतासमेत सरकारले पालना नगरेको हुँदा सङ्घीयता कार्यान्वयनमा समस्या देखिएको हो भन्नुभयो।

कार्यक्रमका अर्का वक्ता चितवनको खैरहनी नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत एवम् राष्ट्रिय योजना आयोगका उपसचिव विष्णुप्रवाह सापकोटाले स्थानीय तहमा बसेर काम गर्दाका आफ्ना अनुभव सुनाउँदै स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा यसलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

सङ्घ र प्रदेशको भरमा बस्ने होइन, स्थानीय तह आफैमा स्वतन्त्र र स्वायत्त हुनुपर्नेमा जोड दिँदै उहाँले स्थानीय सरकार सङ्घीयताको मजबुत जग भएकोले स्थानीय तह बलियो भए मात्र समग्र राष्ट्र विकासमा मद्दत पुग्ने धारणा राख्नुभयो।

उहाँले स्थानीय तह सिकाइको केन्द्र पनि हो भन्दै नवनियुक्त अधिकृत कर्मचारीहरूलाई देशका विभिन्न स्थानीय तहहरूमा गएर काम गर्न प्रेरित गर्नुभयो।

कार्यक्रमको सहजीकरण नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक राजेन्द्र अधिकारीले गर्नुभएको थियो।

उक्त कार्यक्रममा उपस्थित नवनियुक्त अधिकृतहरूले स्थानीय तहका बेरुजु, सङ्घ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने ऐन, कानुन र कार्यविधिको सामञ्जस्यता, स्थानीय तहको सेवा प्रवाह, जनप्रतिनिधि र कर्मचारीबिचको समन्वय, तीन तहको सरकारबिच सहकार्य र समन्वय, जिल्ला समन्वय समितिको भूमिका, कानुन निर्माणमा देखिएका कठिनाइ र चुनौती, कर्मचारी भर्नाको अधिकार, स्थानीय तहको आन्तरिक लेखा परीक्षण, प्रदेश सरकारको औचित्यता आदिबारे आफ्ना जिज्ञासा प्रस्तुत गरेका थिए।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ।

**संस्थाको ३२औं स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं।**

**सिद्धि गणेश साकोस खुला फिडे रेपिड रेटिङ २००० मुनि बुद्धिचाल प्रतियोगिता**

**मिति** : २०८२ पुस १८ र १९ गते
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु.५००।- प्रतिव्यक्ति
**अन्तिम दर्ता मिति** : २०८२ पुस १६ गते
**सहभागी सङ्ख्या** : बढीमा ८० जना

युवा उपसमिति

**संस्थाको परिवर्तित ऋण नीतिसम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम**

**मिति** : २०८२ पुस १५ गते, मङ्गलबार
**समय** : बिहान ८:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

ऋण उपसमिति

**मुटुरोगसम्बन्धी स्वास्थ्य शिविर तथा नि:शुल्क थाइरोइड परीक्षण**

**मिति** : २०८२ पुस २६ गते, शनिबार
**समय** : बिहान ८:०० देखि १०:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

स्वास्थ्य उपसमिति

**गतिविधि**




अन्तर विद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगितामा मन्तव्य राख्नुहुँदै भ.न.पा. वडा नं ७ का वडाध्यक्ष उकेश कवां। (पुस १२)




संस्थाको साधारणसभा क्षेत्र नं. १ र २ का सदस्यहरूमाझ वर्तमान अवस्थामा सहकारी सञ्चालनसम्बन्धी सुझाव सङ्कलनका लागि विस्तारित बैठकमा बोल्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा। (पुस १२)



एकहप्ते पिठोको परिकारसम्बन्धी पाक शिक्षा तालिममा सहभागी सदस्यहरू। (पुस १३)



एकहप्ते पुतली (Doll) बनाउने तालिममा सहभागी सदस्यहरू। (पुस १४)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



## हार्दिक समवेदना



जन्म : २००६/१२/१८
निधन : २०८२/०९/०९

यस 'मजदुर' दैनिक पत्रिकाका पत्रिका वितरक सत्यराम कासिछ्वाका पूजनीय पिता **सीताराम कासिछ्वा**को दु:खद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**'मजदुर' दैनिक पत्रिका परिवार**
नगाँचा-१०, भक्तपुर



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप माध्यमिक विद्यालय

## आवश्यकता सम्बन्धमा सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२ पुस १५**

ख्वप मा.वि.को लागि कार्यालय सहयोगी र सफाइ सहयोगी १/१ जना अस्थायी सेवामा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले २०८२ पुस २९ गतेभित्र आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र आफूले हासिल गरेको तालिमको प्रमाणपत्रको प्रतिलिपिसहित विद्यालयले उपलब्ध गराउने फारम भरी विद्यालयको दर्ता/चलानी शाखामा बुझाउन सूचित गरिन्छ।

| पदको नाम | तह/स्तर | आवश्यक सङ्ख्या | आवश्यक न्यूनतम योग्यता | फाराम तथा परीक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| कार्यालय सहयोगी | सहायकस्तर पहिलो | १ | लेखपढ गर्न जाने | रु.२००।- | अन्तर्वार्ता र प्रयोगात्मक |
| सफाइ सहयोगी | सहायकस्तर पहिलो | १ | लेखपढ गर्न जाने | रु.२००।- | अन्तर्वार्ता र प्रयोगात्मक |

**नोट :**

१. **उमेरको हद** : सूचना प्रकाशित भएको मितिबाट १८ वर्ष पूरा भई पुरूषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने।
२. **परीक्षा फाराम लिने र बुझाउने समय** : बिहान ८:०० बजेदेखि दिनको ३:०० बजेसम्म।
३. **सम्पर्क मिति** : २०८२ माघ २ गते, सोमबार।
४. रीत नपुगी वा म्याद नाघी आएको निवेदनउपर कुनै कारबाही हुनेछैन।
५. सेवा र सुविधा ख्वप मा.वि.को विनियम र सञ्चालक समितिको निर्णयअनुसार हुनेछ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा